पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : ३१ | २०७२ चैत ५ गते शुक्रबार (March 18 , 2016) | मूल्य रू. १०/-

## मिडिया नेपालको स्थापना

काठमाडौं । गत सोमबार नेपाली सञ्चार माध्यमको लागि एउटा खुशीको खबर आएको थियो । विभिन्न राजनीतिक संगठनहरूका भातृ संगठनका रूपमा विभिन्न नामले चिनिएका पत्रकार संगठनहरू अहिले सक्रिय भएको अवस्थामा कांग्रेस, एमाले, एमाओवादी र मधेसवादी दलहरूप्रति आस्था नराख्ने पत्रकारहरूलाई एकजुट गराउने उद्देश्यसहित मिडिया नेपाल नामक संस्थाको स्थापना गरिएको छ । सोमबार नै राप्रपा नेपालका अध्यक्ष एवं उपप्रधानमन्त्री कमल थापाले उक्त संस्थाको औपचारिक रूपमा उद्घाटन गरेका छन् ।

उद्घाटनका क्रममा विभिन्न व्यक्तिहरूले नयाँ संगठनको सफलताको कामना गर्दै शुद्ध, व्यवसायिक रूपमा संगठनलाई अघि बढाउन संगठनमा रहेका व्यक्तिहरूलाई आग्रह (बाँकी अन्तिम पेजमा)

# नाकाबन्दी र बन्द हड्तालले आन्दोलन सफल नहुने

काठमाडौं । करिब ६ महिनासम्म सञ्चालन भएको मधेस आन्दोलन समाप्त भएपनि सरकारले आफ्ना मागहरू सम्बोधन नगरेको भन्दै केही मधेसवादी दलहरूले फेरि आन्दोलनको धम्की दिइरहेका बेला भारतीय नेताहरूले नाकाबन्दी र बन्द हड्ताल गरेर मधेस आन्दोलन सफल नहुने बताएका छन् । उनीहरूले ६ महिनासम्म चलेको आन्दोलनले नेपालको राज्यसत्तालाई भन्दा मधेसी जनतालाई बढी पीडा दिएको भन्दै बन्द हड्ताल नगरी आन्दोलनको स्वरूप फेर्न मधेसवादी दलका नेताहरूलाई आग्रह गरेका छन् ।





केही दिन पहिला बुद्ध जानकी सेन्टरले वीरगञ्जमा आयोजना गरेको नेपाल-भारत अन्तरसम्बन्ध एवं मधेस विषयक विचार गोष्ठीमा सहभागी भएका भारतीय राजनीतिक दलका नेता एवं बुद्धिजीविहरूले अधिकार प्राप्तिका लागि मधेसमा जारी आन्दोलनको स्वरूप परिवर्तन गर्न आन्दोलनरत मधेसवादी दलहरूलाई आग्रह गरेका छन् । भारतको सत्तारुढ दल भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं पूर्व केन्द्रीय मन्त्री डा.सञ्जय पासवानले विचार गोष्ठीमा बोल्दै नाकामा धर्ना दिएर सधैँभरि नाकाबन्दी गर्न ठीक नहुने तर्क गरेका थिए । नाकाबन्दीले आन्दोलन सफल नहुने भन्दै उनले आन्दोलनको स्वरूप परिवर्तन गर्न सुझाव समेत दिए । पासवानले भने अधिकार प्राप्तिका लागि मधेसवादी दलहरूले गरेको आन्दोलनमा भारतले निरन्तर सहयोग गरिरहने प्रतिबद्धता जनाउँदै मधेस आन्दोलनमा विगतमा पनि समर्थन थियो, आज पनि छ र भोली पनि रहिरहनेछ भन्दै सरकारसँग गरिने सहमतिका विषयमा मधेसवादी दलहरूले न्यूनतम साझा एजेन्डा बनाउनुपर्नेमा जोड दिए । नेपालको हिमाल, पहाड र तराईमा रहेका शोषित, पीडित र विभेदमा पारिएका जनताको पनि सहयोग (बाँकी अन्तिम पेजमा)

## 'एउटा डाक्टर गए, अरू आए'

काठमाडौं । एमाओवादीका अध्यक्ष एवं उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजक समेत रहेका पुष्पकमल दाहालले संविधान कार्यन्वयनका लागि प्रमुख राजनीतिक दलहरू बिचमा सहकार्य आवश्यक रहेको बताएका छन् । संविधान कार्यन्वयनको लागि वामपन्थी र प्रगतिशील शक्तिकेन्द्रका एकतासँगै काँग्रेस, एमाले, एमाओवादी, राप्रपा नेपाल, राप्रपा र मधेशवादी दलहरूबीच एकता आवश्यक रहेको बताउँदै संविधानसभाले बनाएको संविधान अहिलेसम्मको प्रगतिशील संविधान रहेको उद्घोष गर्दै संविधान कार्यान्वयनमा सबै दल एक भएर कार्यान्वयनमा जानुपर्ने बताएका छन् ।

केही दिन पहिला अध्यक्ष दाहालले नेपाली काँग्रेसको १३ औं महाधिवेशनमा नयाँ नेतृत्व आएपनि नयाँ नेतृत्वले अहिलेकै अवस्थामा सरकारको नेतृत्व खोज्न नहुने भन्दै आफ्नो पार्टी पहिलो संविधानसभामा (बाँकी अन्तिम पेजमा)

# गच्छदार सरकारबाट हट्न सक्ने संकेत

अभियान संवाददाता



काठमाडौं । न्याय परिषदबाट सर्वोच्च अदालतका लागि ११ जनाको नाम न्यायधिशमा सिफारिस गरेपछि व्यवस्थापिका संसद र न्यायपालिका बिचको सम्बन्धमा केही कटुता उत्पन्न भएको छ । अपूरो न्यायपरिषद्बाट हतार हतारमा दलिय भागवण्डाका आधारमा न्यायधिशका लागि नाम सिफारिस गरिएको सत्य वास्तविकता हुँदाहुँदै त्यसलाई वेवास्ता गरिए भविष्यमा सर्वोच्च अदालत जस्तो न्यायको अन्तीम निर्णय गर्ने अदालत पनि संकटको घेरामा पर्ने निश्चित जस्तै देखिएको छ । न्यायपरिषद्ले गरेको सिफारिसलाई सभामुख ओनसरी घर्ती मगरले विभिन्न कारण देखाई न्यायपरिषदमै फिर्ता गरिदिएपछि त्यस विषयमा तर्क वितर्क भइरहेको बेला उपप्रधान तथा मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजय गच्छेदारलेसमेत सिफारिसप्रति आपत्ति जनाउदै त्यस विषयमा प्रधानमन्त्री केपी ओलीको ध्यानआकर्षण गराएका छन् ।

अपूरो न्याय परिषदले सिफारिस गरेको नामप्रति आपति प्रकट गर्दै सरकारले त्यसलाई अनुमोदन गरिए राजनीतिक संकट आउने भन्दै गच्छदारले अप्रत्यक्ष रूपमा सरकारमा आफ्नो पार्टीको निरन्तताबारे पुर्नविचार गर्न पार्टी तयार भएको चेतावनी प्रधानमन्त्री ओलीलाई दिएका छन् । शनिवार मध्यरातिसम्म प्रधानमन्त्री ओलीलाई प्रधानमन्त्री निवासमा भेटेर न्यायपरिषदद्वारा सिफारिसप्रति (बाँकी अन्तिम पेजमा)

# अब निजामति सेवामा खसआर्यलाई पनि आरक्षण !

अभियान संवाददाता

काठमाडौं । निजामति सेवामा अब खस आर्य समुदायलाई पनि आरक्षणको व्यवस्था गर्न प्रस्ताव गरिएको छ । निजामति सेवा ऐन पाँचौं संशोधनको प्रस्तावित मस्यौदामा खस आर्यका लागि २२ प्रतिशत आरक्षण प्रस्ताव गरिएको छ ।

सामान्य प्रशासन मन्त्रालयका तत्कालीन सहसचिव रूपनारायण भट्टराई संयोजकत्वको समितिले तयार पारेको ऐन संशोधन मस्यौदामा हालको आरक्षित व्यवस्था पुनरावलोकन गर्न पनि प्रस्ताव गरिएको छ ।

२०६४ सालदेखि महिलाका लागि ३३ प्रतिशत आरक्षणको व्यवस्था छ । अब त्यसको सट्टा खुला प्रतियोगिताद्वारा पूर्ति




हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी महिलासहित विभिन्न वर्ग र समुदायबीच मात्रै प्रतिस्पर्धा (बाँकी अन्तिम पेजमा)

## कर्पोरेशनको जनचेतनामूलक कार्यक्रम सम्पन्न

काठमाडौं । साल्टटेडिङ् कर्पोरेशनले प्रत्येक बर्षको फेब्रुअरी महिनालाई महिनाव्यापी जनचेतना अभियान गर्दै आएको छ । उक्त अभियानका क्रममा आयोडिनको कमीबाट हुने विकृतिलाई निवारण गर्ने प्रमुख उदेश्य लिएको छ । अयोडिन नुनको कमीबाट हुने विभिन्न खालका रोगहरूबाट बच्नका लागि अयोडिनयुक्त नुन खान जनतालाई जानकारी गराउने क्रममा निम्न जिल्लामा विभिन्न प्रकारका कार्यक्रमहरू गरेको छ । आयोडिनयुक्त नुन खाने बानी बसाल्नको लागि कर्पोरेशनले स्कूलका विद्यार्थीहरूलाई जानकारी गराउने क्रममा यसपाली विभिन्न (बाँकी अन्तिम पेजमा)

# देउवाले सम्हाले कांग्रेसको कमाण्ड

काठमाडौं । नेपाली कांग्रेसको सभापति निर्वाचित भएको एक सातापछि शेरबहादुर देउवाले विधिवत रूपमा कमाण्ड सम्हालेका छन् ।

मंगलबार पार्टी कार्यालय सानेपामा आयोजित कार्यक्रममा निर्वाचन समितिका संयोजक राधेश्याम अधिकारीले देउवासहित पदाधिकारी र सदस्यहरूलाई विजयी भएको प्रमाण पत्र प्रदान गरे । कार्यक्रमलाई निवर्तमान कार्यबाहक सभापति रामचन्द्र पौडेलसहित पदाधिकारीले सम्बोधन गरेका थिए ।

सो अवसरमा निवर्तमान कार्यबाहक



सभापति पौडेलले तत्कालीन सभापति सुशील कोइरालाले छाडेर गएको जिम्मेवारी पुरा गरेको र अगाडिको कार्यभार साथीलाई सुम्पिएको बताए । चुनावी परिणाम जस्तो आएपनि आगामी दिनमा नेतृत्वलाई आफ्नो सहयोग रहने पनि उनले बताए । १३ औं महाधिवेशनमा सभापतिको निर्वाचनमा देवाउसँग पराजित पौडेलले निष्ठाको राजनीतिका लागि क्रियाशील रहिरहने बताए ।

कार्यक्रमा बोल्दै महामन्त्री डा. शशांक कोइरालाले पार्टी नेतृत्वले सबैलाई (बाँकी अन्तिम पेजमा)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# पुनर्निर्माण कछुवा गतिमा

*२०७२ साल बैशाख १२ र त्यसपछि गएको भुकम्पले गर्दा जनता घरवारविहिन अवस्थामा पुगेका छन् । त्यसबेला संविधान निमार्णको कार्यमा राजनीतिक दल र सरकारको ध्यान गएको भएपनि संविधान निमार्ण भै जारी समेत भईसकेको अवस्थामा अब सरकार र राजनितिक दलहरुको ध्यान जनताका सेवाको लागि हुनुपर्नेमा त्यस्तो देखिएको छैन । भुकम्पले गर्दा झण्डै ७ लाख घरवार भत्किएका छन् । हिउँदको चिसो जाडोमा भुकम्प पीडितहरु जिउन बाध्य भए । अब वर्षायाम सुरु हुन लागेको बेला सरकारले निर्माण कार्यलाई कछुवा गतिमा अघि बढाएको छ । अहिलेकै अवस्थामा पुननिर्माण कार्य अघि बढेको खण्डमा पीडितहरुको उद्दार गर्न झण्डै १० वर्ष लाग्न सक्छ । सरकारले पीडितको ठाउँमा सामान्य राहत सम्म पुर्‍याउन सकेको छैन । जाडो याममा न्यानो कपडाका लागि दिइने भनेको १० हजार रुपैंया समेत सबै पीडितले पाउन नसकेको गुनासो दिनहुँ आइरहेको छन् । त्यसतर्फ सरकारको ध्यान गएको देखिएको छैन ।*

*पछिल्लो समयमा सरकारले आफैले अनुदान दिने घोषणा गरेको दुई लाख रुपैंया वितरण गर्नेभने पनि प्रकृयागत झन्झटका कारण सबै पीडितले अनुदान रकम पाउन सक्ने सम्भावना देखिएको छैन । दुई लाख अनुदान लिन सम्बन्धित व्यक्तिको नागरिकता, आफ्नो जग्गाको लालपुर्जाको फोटोकपी र केन्द्रीय तथ्या□ विभागले दिएको प्रमाणपत्र आवश्यक पर्ने सरकारको भनाई रहेको छ । आफ्नो जग्गाको लालपुर्जाको फोटोकपी होला तर, अरुको जग्गा कमाएका र अरुको जग्गामा बसोबास गर्दै आएका भुकम्प पिडितहरुले घर बनाउन दिने भनेको दुई लाख अनुदान पाउने कि नपाउने ? ललितपुर जिल्लाका केही गा.वि.स.हरुमा वर्षौदेखि बसोबास गर्दै आएका व्यक्तिहरुसँग आजसम्म आफ्नो नामको लालपुर्जा छैन । भुकम्पले गर्दा उनीहरुको सबै घरवारहरु ध्वस्त भएका छन् । उनीहरुले दुई लाख अनुदान रकम नपाउने त ? सिन्धुपाल्चोक जिल्लामा समेत त्यस्तै समस्या देखिएको छ । गुठीको जग्गामा वर्षौंदेखि उनीहरु वसोवास गर्दै आएका छन् तर, उनीहरुसँग जग्गाको लालपुर्जा भने छैन, त्यो अवस्थामा त्यहाँका भुकम्प पीडितको अवस्था के हुने ?*

*भुकम्प गएको झण्डै एक वर्ष पुग्न लाग्दा पनि सरकारले पुन निर्माण प्राधिकरण मार्फत केही ठाउँमा अनुदान रकम मध्येको पहिलो किस्ता ५० हजार पीडितले बैंकमा खोलेको खातामा राखिदिने निर्णय अनुसान रकम जम्मा गरिदिन सम्बन्धित जिल्ला विकास समितिलाई रकम उपलब्ध गराउन थालिएको भएपनि त्यो प्रकृया समेत जनताको लागि झन्झटिलो भएको पीडिहरुले बताउन थालेका छन् । कतिपय दुर्गम गाउँमा बैंक नभएको र खाता खोल्न जिल्ला सदरमुकाम धाउनुपर्ने उनीहरुको बाध्यता रहेको छ । कतिपय पीडितहरुसँग नेपाली नागरिकताको प्रमाणपत्र नै नभएको र नागरिकता बनाउन सम्बन्धित गाविसको सिफारिस चाहिने तर, गाविस सचिव नै नभएको अवस्थामा उनीहरुले नागरिकता बनाउन नपाएको हुनाले त्यस्ता व्यक्तिहरु अनुदान रकम पाउनबाट बञ्चित हुन सक्ने भएकोले पहिला सरकारले त्यस्ता समस्याहरु समाधान गर्नुपर्ने आवश्यकता देखिएको छ ।*

*जेहोस् सरकारले कछुवा गतिमै भएपनि भुकम्प पीडितहरुलाई राहत स्वरुप केही रकम उपलब्ध गराउन थालेको हुनाले पिडित जनतामा केही आशा पलाएको छ । पुन निर्माण प्राधिकरणले अब १४ वटै जिल्लाका गाविस, नगरपालिकाहरुमा आफ्ना कर्मचारीहरु खटाएर तिव्र गतिमा पीडितलाई अनुदान रकम उपलब्ध गराउन आवश्यक छ । सरकार सञ्चालन र प्रत्येक मन्त्रालयले गर्ने निर्णय पनि पीडितका लागि अभिशाप बन्ने गरेको छ । सरकारले भुकम्प पिडितलाई १० प्रतिशत मात्र सरकारी शुल्क लिएर वा निर्माणको लागी काठ उपलब्ध गराउने निर्णय गरेपनि २०७३ बैशाख १२ गतेपछि मात्र वितरण गर्ने निर्णय वन तथा भु-संरक्षण मन्त्रालयले गरेको हुनाले पीडितले कसरी आफ्नो घर वर्षायाम अगाडि नै निर्माण गर्न सक्छन् । सरकार सञ्चालनमा तालमेल नमिल्नु र एउटा मन्त्रालयले अर्को मन्त्रालयलाई विश्वासमा लिएर काम गर्न नसक्नुको मार जनताले किन सहनुपर्ने । पिडित भएका जनतालाई मल्हम्पट्टी लगाउनुको सट्टा मन्त्रालयहरुले उनीहरुलाई अझ पीडित मात्र बनाउने गरेको केही मन्त्रालयहरुको निर्णयबाटै प्रष्ट हुन्छ ।*

*प्रधानमन्त्री केपी ओलीको नेतृत्वको सरकार जम्बो भएपनि जनताको पक्षमा जम्बो  मन्त्रीपरिषद्ले खासै केही गर्न सकेको छैन । नत मधेश आन्दोलन समाप्त भएको छ, न त पेट्रोलियम पदार्थ लगायत ग्याँस आपूर्तिमा सहज भएको छ । न त भुकम्प पिडितले समयमै राहत पाउन सकेका छन् । यी सबै तथ्यलाई मध्यनजर गर्दै अब प्रधानमन्त्री ओलीले भुकम्पपिडित जिल्लाहरुमा मन्त्रीहरुलाई खटाएर त्यहाँ राहत, अनुदान वितरण र निमार्णमा सहयोग गर्ने जिम्मेवारी सुम्पेर उनीहरुलाई त्यस क्षेत्रमा पठाएको खण्डमा पीडितलाई केही राहत पुग्ने थियो भन्ने हामीले ठानेका छौं ।*

# जनताको सद्भाव ओलीको साथ

देवेन्द्र चुडाल

संविधानसभाले संविधान निर्माण गरि (२०७२ असोज ३ गते) संविधान समेत जारी गर्‍यो तर, संविधानलाई केही मधेशवादी दलहरूले स्वीकार गर्न सकिरहेका छैनन् । अहिले पनि उनीहरू आन्दोलनको धम्की दिईरहेका छन् । संविधान निर्माण र जारी गर्दाका प्रमुख पात्र मानिएका तत्कालिन नेपाली काँग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री सुशील कोइराला अब यस दुनियाँमा रहेनन् । उनैको नेतृत्वमा बनेको संविधान केही मधेशवादी दलहरूको दबाबका कारण २०७२ माघ ९ गते पहिलो पटक संशोधन भयो । संविधान जारी भएकै भोलीपल्टै संविधान संशोधन भयो । संविधान जारी भएकै भोलिपल्टै संविधान संशोधनका लागि संसदमा संशोधन प्रस्ताव दर्ता गरिएपनि झण्डै ४ महिनापछि मात्र संविधान संशोधन गरियो । यसरी छोटो समयमै संविधान संशोधन गर्नुले प्रमाणित हुन्छ संविधान लेखनमा केही त्रुटी भएको छ । पछिल्लो समयमा प्रमुख राजनीतिक दलका नेताहरूले विश्वकै उत्कृष्ट संविधान निर्माण गर्‍यौं भन्दै ठूला ठूला डंक पिटेपनि उनीहरूले संविधान निर्माणमा केही गल्ती भएको स्वीकार गर्न सकिरहेका छैनन् । २०४७ सालको संविधान निर्माणकर्ताहरूले समेत त्यसबेला विश्वकै उत्कृष्ट संविधान निर्माण गर्‍यौं भनेर ठूला ठूला डंकहरू पिट्ने गरेका थिए । तर, विश्वकै उत्कृष्ट संविधान मानिएको २०४७ सालको संविधान लागू भएको ३ वर्ष नपुग्दै असफल सावित भएको थियो । त्यस बेलाका संविधान निर्माणकर्ताहरू अहिले पनि राजनीतिमै रहेका छन् । माधव नेपाल, भरतमोहन अधिकारी, निलम्बर आचार्यलगायतका व्यक्तिहरूले अहिलेको संविधानलाई समेत विश्वकै उत्कृष्ट भनिरहेका छन् । उनीहरूले २०४७ सालको संविधानलाई पनि त्यसै भन्थे तर, आफैँले निर्माण गरेको सविधानको रक्षा गर्न उनीहरू असफल भएको हुनाले फेरि अहिले संविधान कार्यान्वयनमा समेत अवरोध भए, उनीहरू आफैँले बनाएको संविधानलाई रक्षा गर्ने भन्दा फाल्ने कार्यमै सरिक हुने पक्कापक्की रहेको छ ।

२०४७ सालको संविधान तत्कालिन राजसंस्थाका प्रतिनिधि, राजनीतिक दल र नागरिक समाजको सहमतिको दस्तावेज थियो । अहिले राजसंस्था हटिसकेको र राजनीतिक दलहरूको दबदबा रहेको अवस्थामा संविधान कार्यान्वयनमा विभिन्न प्रकारका अवरोधहरू सिर्जना हुन सक्ने सम्भावना देखिएको छ । केही मधेशवादी दलहरूले संविधान निर्माणको कार्यलाई छोडेर उनीहरू मधेश आन्दोलनमा गए त्यही मधेश आन्दोलनलाई देखाएर दक्षिणी छिमेकी मुलुक भारतले अघोषित रूपमा नाकाबन्दी गरेर आफ्नो प्रभाव नेपाल र नेपाली जनतालाई देखाउने प्रयास गरेपनि नेपाली जनताले त्यसलाई डटेर कडा मुकाविला गरे । इन्धनलगायत अन्य अति आवश्यक बस्तुहरूको अभावमा पनि उनीहरू नेपाल सरकारको विरूद्धमा सडक आन्दोलनमा गएनन् बरू दिनभरी ग्यास लगायतका इन्धनका लाइनमा बसे पनि सरकारको विरूद्ध कोहीपनि बोलेनन् । भारतले लगाएको अघोषित नाकाबन्दीलाई सहेर जनताले आफूहरू पक्का राष्ट्रवादी भएको प्रमाणित गरेर केपी ओली नेतृत्वको सरकारलाई भारतसामू घुँडा नटेक्न सहास थपिदिएका थिए । नेपालको इतिहासमै नेपाली जनताले केपी ओली र स्वर्गीय मरिचमान सिंह श्रेष्ठ नेतृत्वको सरकारलाई पूर्ण समर्थन जनाएका थिए । ओली र श्रेष्ठको नेतृत्वको सरकारले पाएको जनताको साथ अहिलेसम्मका अन्य सरकारहरूले पाएका थिएनन् । पछिल्लो समयमा केपी ओली नेतृत्वको सरकारले जनताले दिएको समर्थनलाई स्वीकार गर्दै तिव्र गतिमा अगाडि बढ्नुपर्नेमा त्यसो हुन सकेको छैन । सरकार कछुवा गतिमा अघि बढेको छ । २०७२ साल बैशाख १२ र त्यसपछि गएको भूकम्पले लाखौँ लाख जनता घरवारविहिन अवस्थामा पुगेका छन् । भूकम्पको पराकम्पन्न अहिलेसम्म जारी रहेको छ । लाखौँ लाख जनता घरवारविहन अवस्थामा शरणार्थी जस्तो जीवन विताउन बाध्य भएका छन् । सरकारले पुननिर्माण प्राधिकरण गठन गरेर पुननिर्माण कार्य अघि बढाएपनि प्राधिकरणले आफूँले पाएको जिम्मेवारी सफलतापूर्वक पूरा गर्न सकेको छैन । एकातिर प्राधिकरणले आफूलाई कर्मचारी नदिएको भन्दै सरकारमाथि दोष थोपरीरहेको छ भने अर्कोतिर सरकारले समेत पुननिर्माण प्राधिकरणलाई चाहिने जति कर्मचारी उपलब्ध गराउन नसक्नुले ओली नेतृत्वको सरकारको लाचरीपन बाहेक अन्य केही हुन सक्दैन ।

केपी ओली नेतृत्वको सरकारसँग जनताले ठूलो आशा गरेका छैनन् । त्यसैले हामीले जे गर्दापनि जनता चुप लागेर बस्नेछन् भन्ने सत्ताधारी दलहरूले सोचेको भए त्यो उनीहरूका लागि आत्मघाती सोच हुन सक्छ । केपी ओली नेतृत्वको सरकारका अगाडि संविधान कार्यान्वयन, भूकम्प पीडितहरूको उचित बसोबासको व्यवस्था, स्थानीय निकायको चुनाव सम्पन्न गर्ने जस्ता महत्वपूर्ण कार्यहरू रहेका छन् । मधेशवादी दलहरूको सहमति बेगर मधेशमा स्थानीय निकायको निर्वाचन सम्पन्न हुन सक्ने अवस्था देखिँदैन त्यसैले स्थानीय निकायको निर्वाचनको घोषणा अघि मधेशवादी दलहरूले उठाएका जायज मागहरू सम्बोधन गरि नाजायज मागहरूका बारेमा जनतालाई जानकारी गराउनुपर्दछ । नेपाली जनताले चाहेनुसार राज्य सञ्चालन नभएमा जनताले विद्रोह गर्न सक्छ, त्यो उनीहरूको नैसर्गिक अधिकार पनि हो । तहरू र, केही टाठाबाठाहरूले जनतालाई भड्काएर आफ्नो पार्टीगत स्वार्थ र व्यक्तिगत स्वार्थ पूरा गर्न खोजिएको जस्तो अवस्था अहिले देखिएको हुनाले त्यस्तो कार्यलाई रोक्ने दायित्व समेत सरकारको भएको हुनाले मधेशमा पछिल्लो समयमा भएका गलत क्रियालकलापलाई सरकारले कानुनी दायरामा ल्याउन आवश्यक छ । संविधान भनेको ढुँगामा लेखिएको अक्षर हुन सक्दैन, आवश्यकता अनुसार जनताको चाहनामा त्यो संशोधन हुनसक्छ । राष्ट्रिय स्वाधिनता अखण्डता र जनतामा निहित सार्वभौमसत्ता बाहेक अन्य सबै कुराहरू संशोधन हुन सक्छन् । विश्वका सबै प्रजातान्त्रिक मुलुकहरूमा समेत संविधानका विषयलाई लिएर पछिल्लो पटक धेरै बहस र छलफल हुने गरेका छन् । त्यसै क्रममा यहाँ पनि संविधानमा उल्लेख गरिका विषयहरूमा छलफल र बहस हुनु कुनै नौलो अभ्यास होइन, संविधानमा लेखिएका जनताका अधिकारका बारेमा राजनीतिक दल र सरकारले नै जनतालाई जानकारी गराएको खण्डमा विचमा कुनै तत्वले खेल्न नपाउने र जनता स्वयम्ले आफ्ना अधिकारमाथि खेलवाड गर्न खोज्ने राजनीतिक दल र नेताहरूलाई तह लगाउन सक्ने अवस्था निर्वाचनमार्फत हुन सक्ने भएकाले अविलम्ब स्थानीय निकायको निर्वाचन हुनु आवश्यक छ । स्थानीय निकायको निर्वाचन पश्चात् स्थानीयहरू जनताका प्रतिनिधिहरूको उपस्थिति हुने भएकाले त्यसले संविधान कार्यान्वयनमा समेत ठूलो मद्दत पुग्नसक्छ भन्ने हेक्का राजनीतिक दल र सरकारमा हुन जरूरी रहेको छ । पछिल्लो समयमा जनताले धेरै ठूलो कष्ट पाएका छन् । स्थानीय निकाय भ्रष्टाचारमा चुर्लुम्म डुबेको छ । विकास निर्माणका कार्यहरू ठप्प भएको छ । जनताका काम रोकिएका छन् । एउटा सामान्य सिफारिस लिन समेत जनताले जिल्ला सदरमुकाम धाउनुपर्ने बाध्यता रहेको छ त्यसैले प्रमाणित हुन्छ स्थानीय निकाय जति आवश्यक रहेछ त्यसको लागि स्थानीय निकायको निर्वाचन आवश्यक छ ।

भारतले लगाएको अघोषित नाकाबन्दी पछि प्रधानमन्त्री केपी ओली र उनको नेतृत्वमा रहेको सरकारले लिएको लडानलाई जनताले सही कदमका रूपमा लिएका छन् । प्रधानमन्त्री ओलीले केही मधेशवादी दलहरूको सहयोगमा भारतले अघोषित रूपमा लगाएको नाकाबन्दी फिर्ता नगरेसम्म भारत भ्रमणमै नजाने जुन अडान लिए त्यसले गर्दा भारतले लगाएको अघोषित नाकाबन्दी जसले अघोषित रूपमै फिर्ता लिन बाध्य भयो र ओलीको भारत भ्रमण भयो, ओलीका भारत भ्रमणलाई विभिन्न राजनीतिक दल र राजनीतिक विश्लेषकहरूले आ–आफ्नो तरिकाले विश्लेषण गरेपनि एउटा कुरामा सबै सहमत छन् उनले नेपालको विरूद्धमा कुनै राष्ट्रघाती कार्य चाँही गरेनन् । तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला भारत भ्रमणमा जाँदा जुन गल्ती उनले गरेका थिए, त्यसलाई सर्बोच्च अदालत र नेपाली जनताले समेत राष्ट्रघातीको रूपमा संज्ञा दिएको थियो । तर, ओलीले त्यस्तो कुनै सहमति र सम्झौता नगरेका हुनाले अब उनको चीन भ्रमणपनि त्यस्तै हुने आशा नेपाली जनताले गरेका छन् । नाकाबन्दीका बेला भारतले युद्ध भूमिमा गर्नेजस्तो व्यवहार नेपाल र नेपाली जनतमाथि देखाएको हुनाले अब एकदेश माथिको परनिर्भरता तोड्न आवश्यक छ । प्रधानमन्त्री ओलीको चीन भ्रमणले एक देश माथिको परनिर्भरता तोड्नका लागि मित्रराष्ट्र चीनसँग व्यापार सम्झौता गरि उत्तरी नाकाहरूबाट समेत इन्धनलगायत नेपाललाई आवश्यक पर्ने सामानहरू आयातको मार्ग प्रस्तत गर्ने कुरामा प्रधानमन्त्रीको ध्यान जानु आवश्यक छ । उत्तरी नाकाहरू खोल्दा अपनाउनुपर्ने सावधानीहरूका बारेमा बृहत् छलफल र बहस गरेर दुवै देशलाई हुने लाभ हानीका बारेमा समेत सही रूपमा विश्लेषण गरि त्यसै अनुरूप अघि बढ्नु सक्नु नै प्रधानमन्त्री ओलीका चीन भ्रमणको प्रमुख एजेण्डा हुन आवश्यक छ ।

चीन भ्रमण जानुअघि प्रधानमन्त्री ओलीले विगतमा भारतले देखाएको व्यवहारलाई स्मरण गर्दै प्रशस्त होमवर्क गरेर चीनका लागि पूर्व नेपाली राजदूतहरू, कुटनीतिक क्षेत्रका विशेषज्ञ, पूर्व परराष्ट्रमन्त्रीहरू र चीन विज्ञहरूसँग समेत सम्वाद गरेर राम्रो होमवर्क गरेर मात्र अघि बढ्नु आवश्यक छ । चिनियाँहरूलाई विश्वास दिलाउन सक्ने क्षमता र चीन विरोधी गतिविधि नेपालमा हुन नदिने प्रतिवद्धता लिएर प्रधानमन्त्री ओली चीन भ्रमणमा गएको खण्डमा उनको चीन भ्रमण सफल हुनेमा विश्वास गर्न सकिन्छ । पछिल्लो समयमा ओली र ओली सरकारका मन्त्रीहरू नारामा मात्र सिमित भएको जस्तो देखिन थालेको हुनाले अविलम्ब नारामा सिमित नहुने कार्य गरि जनतालाई प्रत्यक्ष फाइदा पुग्ने कार्यमा अघि बढ्नु जरूरी रहेको छ । हावादारी गफ गरेर जनताको पेट भरिँदैन, भूकम्पपीडितहरूले न्याय पाउँदैनन, संविधान कार्यान्वयन हुन सक्दैन त्यसैले सम्वेदनशील भएर गम्भीरताका साथ होसियारीपूर्वक अघि बढ्दै आफ्नो चीन भ्रमणलाई सम्पन्न बनाउने कार्यमा ओली लाग्नु आवश्यक छ । त्यसका लागि सबै ठूला साना राजनीतिक दलहरूको विश्वास लिएर मात्र चीन भ्रमण जानु उचित हुनेछ ।

*devendrachudal@gmail.com*

# मधेशमा फेरि आतंकको बादल

*डा. राजेश अहिराज*

नेपाली लोकतन्त्रको मुहान मधेशमा पानी धमिलो पारी माछा मार्ने काममा ठूला दलका नेताहरु सक्रिय भएका छन् । गैरमधेशीहरूलाई सुराकी बनाएर, मधेशीहरूलाई लोभ्याएर, कज्याएर, धम्काएर, तर्साएर र आतंकित बनाएर ठूला दलका नेताहरूले मधेशीहरूलाई विपन्न बनाउने षड्यन्त्रमा लागेको नेपाली कांग्रेसको १३औं महाधिवेशनको चुनावी नतिजाहरूबाट प्रस्ट हुन पुगेको छ । नेपाली कांग्रेसको महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवा, महामन्त्री डा. शशांक कोइराला र कोषाध्यक्ष सीतादेवी यादवले मधेशको समस्याबारे बोलेर तिनको समाधानका लागि पहल गर्ने बताएका छन् । नेपाली कांग्रेसका निर्वाचित सभापति देउवा, महामन्त्री कोइराला र कोषाध्यक्ष यादव सांसद् पनि छन् । सांसदहरूले नै संविधान बनाएका हुन् ।

संविधानको घोषणा भएका बेला पनि उनीहरूले हस्ताक्षर गरेका हुन् । त्यतिमात्रै होइन संविधान घोषणा भएलगत्तै मधेशीहरूलाई फकाउन कांग्रेस पार्टीको तर्फबाट दर्ता गरिएको संविधान संशोधन प्रस्तावका बेला पनि उनीहरु पार्टीकै नेतृत्वमा थिए । तर, मधेशको समस्या समाधान भएन । मधेशमा मान्छे चरा मारे जस्तै मारिँदै थियो । आमहड्तालका कारण मानिसहरु रोजगार विपन्न बनिरहे । व्यापारीहरूले आमहड्तालमा ऋणभार बोकिरहे । तर यी नव निर्वाचित कांग्रेसका पदाधिकारीहरु निरीह भई टुलुटुलु हेरिरहेका थिए कि त मधेशीहरूको कनचटमा सुरक्षाकर्मीबाट गोली चलाउन लगाउने सकारको पिठ्युमा धाप मारिहेका थिए । पार्टीको १३ औं महाधिवेशनमा आफ्नो मताधिकार नगुमोस् भनेर पार्टीले गरिरहेको गल्तीलाई साथ दिएका यी नवनिर्वाचित नेताहरूले मधेशमाथि दाबी गर्न थालेका छन् । उनीहरूले यसलाई ठूला दलका नेताहरूले मधेशमा आतंक सिर्जना गर्ने योजनामा लागेको दाबी गरेका छन् ।

नेपाली कांग्रेसका नवनिर्वाचित महामन्त्री बीपी पुत्र शशांक कोइरालाले 'हाम्रो प्रजातन्त्रको मुहान तराईमा असन्तुष्टि छ' भनेका छन् । त्यसको समाधानका लागि सहमति सहकार्य र समभ्रूदारीको सूत्रलाई अगाडि सारेका छन् । कोइरालाले मतदाताहरूलाई धन्यवाद दिँदै निकालेको विज्ञप्तिमा उनले यस्तो उल्लेख गरेका छन् । उनले आजको अपरिहार्यता राष्ट्रियता, प्रजातन्त्र र प्रजातान्त्रक समाजवादमा आधारित सामाजिक न्याय भएको बताएका छन् ।

कांग्रेसकी नवनिर्वाचित कोषाध्यक्ष सीतादेवीले मधेशको माग पूरा गराइछाडने प्रतिबद्धता व्यक्त गरेकी छिन् । यी दुई नेता संस्थापन पक्षबाट निर्वाचित भएका छन् । संस्थापन पक्षको साइनो बीपी कोइराला, कृष्णप्रसाद भट्टराई गिरिजाप्रसाद कोइराला र सुशील कोइरालासम्मको नेतृत्वमा चलेको नेपाली कांग्रेसलाई बुझिने गरिएको छ । विश्लेषकहरूका अनुसार नेपाली कांग्रेसका यी नेताहरूको साइनो मधेशसँग प्रत्यक्ष अप्रत्यक्ष रहेकै पाइन्छ । त्यसैले मधेशले कांग्रेसलाई पत्याउने गरिएको दृष्टान्त अहिलेसम्मको निर्वाचनमा देखिएको छ । मधेशवादी कित्ताका प्रभावशाली नेताहरूको कुरो गर्दा तिनीहरु नेपाली कांग्रेसको राजनीतिक स्कूलका विद्यार्थीहरु रहेका छन् । चाहे ती सत्तापक्षमा बसेर रजाइँ गर्ने विजयकुमार गच्छदार होउन वा प्रतिपक्षमा बसेका महन्थ ठाकुर होउन दुवै नेपाली कांग्रेसको राजनीतिक स्कूलका पूर्व विद्यार्थी हुन् । तर नेपाली कांग्रेसका सभापतिमा विजयी शेरबहादुर देउवाको साइनो मधेशसँग नभएको दाबी विश्लेषकहरूको रहेको छ । मधेशीहरूलाई लोभ्याउन जान्ने कलाका ज्ञाता देउवा मधेशको विरोधमा कुर्लेर लाग्दा पनि मधेशीहरूको भोट तान्न भने सफल रहेको कांग्रेसको १३ महाधिवेशनको निर्वाचन परिणामबाट प्रस्ट भएको छ । एक मधेश एक प्रदेशको विरोधमा लागेका डडेल्धुराका देउवाले अखण्डसुदूर पश्चिमको आन्दोलनलाई नै उचालेका थिए । अखण्डसुदूर पश्चिमको आन्दोलन अन्ततः संघीयता तुहाउने खेलको एक तुरुप साबित हुँदै आएको छ । अखण्डसुदूर पश्चिमको आन्दोलनले एक मधेश एक प्रदेशको स्थापित नारालाई मात्रै तुहाएन् थारुहरूको सघन प्रदेशलाई समेत चिराचिरा पार्ने काम गर्न सफलता प्राप्त गरेको छ । यो सबैमा देउवाको हात रहेको विश्लेषकहरूको भनाइ रहेको छ ।

सुशील कोइराला संस्थापन पक्षका तर्फबाट सभापति हुँदा महामन्त्री आफ्नै खेमाका भएकाले पार्टी हाँक्न सजिलो भएको देखिएको पर्यवेक्षकहरूको अनुभव छ । तर देउवालाई भने संस्थापन पक्षका महामन्त्री र कोषाध्यक्ष भएकाले केही असजिलो महसुस हुन सक्ने अडकल काटिएको छ । मधेशको हितमा भने उत्साही हुन सक्ने अवस्था भने छैन । गैर मधेशीहरूको नेतृत्वमा रहेको परम्परागत जातीय समुदायको वर्चस्व भएको पार्टीका नेताहरूले कांग्रेसका यी नेताहरूले मधेशको नाम लिएर मधेशीहरूको घाँटी रेट्ने कार्य गर्ने देखिएको छ । संविधान सभा निर्वाचन दुईका बेला एमाओवादी नेता पुष्पकमल दाहाल प्रचण्डले आफ्नो 'लभ' मधेशसँग परेको बताएर सिरहाबाट चुनावसम्म जितेर आए तर मधेशको अधिकार दिने सवालमा पार्टीका मधेशीहरूमा भ्रम छरेर पल्टी मारेका थिए । मधेशी विरोधी संविधान घोषणा गराउन भएसम्मको बल लगाएर घोषणा गराइ छाडे । मधेशमा मान्छे मार्न लगाइ छाडेको दृष्टान्त टाढा छैन । ठूला दलका नेताहरूको अभिव्यक्ति , व्यवहार र राजनीतिक उदयको परिदृश्यमा मधेशमा फेरि आतंकका बादल मडारिरहने विश्वास विश्लेषकहरूले गरेका छन् । ठूला दलका नेताहरूको बोलाइ र गराइका साथै मधेशकेन्द्रीय दलले फेरि आन्दोलन उठाउन गरेको तयारीबीचको समीकरणको राजनीतिक परिणाम विभत्स हुने विश्लेषकहरूको चिन्ता छ ।

२०५२ साल फागुन १ गते गणतन्त्रसहितको सशस्त्र युद्ध देउवा प्रधानमन्त्री भएकै बेला सुरु भएको हो । र, अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनका बेला जेठो, ठूलो र पुरानो पार्टी नेपाली कांग्रेसको निर्वाचित सभापति शेरबहादुर देउवा भएका हुन् । अब सशस्त्र युद्धको उठान र बैठानको संस्थागत कार्यान्वयनका बेला देउवा सभापति हुनु पार्टी र देश र मधेशका लागि राम्रो हुनसक्ने बुझाई रहेको छ । केही यसको विपरीत पनि अवधारणाहरु सार्वजनिक गर्छन् । यसैबीच मधेशको अपेक्षाहरु पनि आन्दोलनमार्फत् सार्वजनिक भएका छन् । हुन त नेपालका जुनसुकै ठूला राजनीतिक दलहरूका लागि मधेश उर्वरभूमि रहँदै आएको छ । मधेशलाई आफ्नो अनुकूल प्रयोग गर्ने परिपाटी ती ठूला दलहरूले वर्षौंदेखि बसाएका छन् । मधेशबाट मत लिने तर अधिकार नदिने, कर लिने तर बजेट विनियोजन गर्दा विभेद गर्ने । मधेश नेपालमा छन् भन्ने तर मधेशीहरु विदेशी हुन भन्ने रणनीति ठूला दलहरूले अघोषित रूपमा बनाएका छन् । अहिले मधेशमा ६ महिनाभन्दा लामो समयदेखि आन्दोलन चल्यो । यो आन्दोलनले विश्व रेकर्ड नै बनायो । तर, शासक वर्गहरूले मधेशीको अधिकार प्राप्तिको आन्दोलनलाई सम्बोधन गरेनन् । मधेश आन्दोलनमा करिब ६० जना जति मधेशीहरूले सहादत प्राप्त गरे, हजारौं अंगभंग भए र अर्बौंको आर्थिक नोक्सानी भयो । मधेशीहरु पहिला जस्तो छैन भन्ने कुरा शासकवर्गले बुझ्न थालेका छन् । मधेशमा विभिन्न चरणमा भएको आन्दोलनक्रमबाट जनचेतनाको विकास भएको छ । राजनीतिकरूपमा मधेशी जनता एकदम सचेत भइसकेका छन् । नेपाली कांग्रेसको आधारभूमि रहेको मधेशलाई अबको नेतृत्वले विभेद गर्‍यो भने कांग्रेस निषेधित क्षेत्र मधेश हुनसक्छ । मधेशी जनताले जुनसुकै पार्टी भएपनि मधेशमा विकास गरोस् भन्ने चाहन्छन् । मधेशमा मधेशवादी दल नै चाहिन्छ भन्ने पनि छैन । त्यसैले कांग्रेसका नवनिर्वाचित सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले मधेशलाई न्यायोचित अधिकार र सम्मान दिनसकेन भने कांग्रेसले ठूलो क्षति व्यहोर्नुपर्ने हुन्छ । कांग्रेसको पकड मधेशमा छ तर मधेशीको पकड कांग्रेसमा छैन ।

**संविधानको घोषणा भएका बेला पनि उनीहरूले हस्ताक्षर गरेका हुन् । त्यतिमात्रै होइन संविधान घोषणा भएलगत्तै मधेशीहरूलाई फकाउन कांग्रेस पार्टीको तर्फबाट दर्ता गरिएको संविधान संशोधन प्रस्तावका बेला पनि उनीहरू पार्टीकै नेतृत्वमा थिए । तर, मधेशको समस्या समाधान भएन । मधेशमा मान्छे चरा मारे जस्तै मारिँदै थियो । आमहड्तालका कारण मानिसहरू रोजगार विपन्न बनिरहे । व्यापारीहरूले आमहड्तालमा ऋणभार बोकिरहे । तर यी नव निर्वाचित कांग्रेसका पदाधिकारीहरू निरीह भई टुलुटुलु हेरिरहेका थिए कि त मधेशीहरूको कनचटमा सुरक्षाकर्मीबाट गोली चलाउन लगाउने सकारको पिठ्युमा धाप मारिहेका थिए ।**

# हेटौँडा मेलामा ४५ करोडको कारोबार

मकवानपुर । हेटौँडामा फागुन २० देखि ३० सम्म सञ्चालन भएको राष्ट्रिय औद्योगिक व्यापार मेला सकिएको छ । १० दिनसम्म सञ्चालन भएको पाँचौं संस्करणको मेलामा ४५ करोड रूपैयाँको कारोबार भएको आयोजक मकवानपुर उद्योग वाणिज्य संघले जानकारी दिएको हो ।

५ लाखभन्दा बढीले मेला अवलोकन गरेको संघ अध्यक्ष राजकुमार न्यौपानेले बताए । संघले मेलाबाट ५० लाख नाफा हुने लक्ष्य लिएको छ ।

बर्सेनि आयोजना हुने मेलामा यो वर्ष हेलिकोप्टरबाट सिटी टुर, माँ वैष्णोदेवी मन्दिर र कृषि संसार नौलो आकर्षणका रूपमा रहेका थिए । ४० भन्दा बढी उद्योगले सहभागिता जनाएको मेलामा ४ सयभन्दा बढी व्यावसायिक स्टलले सहभागिता जनाएका थिए ।

मेलामा स्थानीय उत्पादन, हस्तकला र पर्यटन प्रवर्द्धनका सामग्री




विशेष प्रदर्शनीका लागि राखिएका थिए । मेलाको विशेष आकर्षणका रूपमा बालउद्यान, अटो, आइटी प्रदर्शनी, डाइनोसर प्रस्तुति, चिडिया घरलगायत थिए ।

पहिलेपटक मेलामा हेलिकोप्टरबाट सिटी टुरको व्यवस्था गरिएपछि २ सय ५० जनाभन्दा बढीले हेलिकोप्टर चढेका थिए ।

मुलुककै औद्योगिक नगरीका रूपमा विकास भएको हेटौँडामा बर्सेनि आयोजना हुने राष्ट्रिय मेलाले उद्योग र व्यापार प्रवर्द्धनमा सघाउ पुर्‍याउँदै आएको संघ अध्यक्ष न्यौपानेले जानकारी दिए ।

संघको मुख्य आयोजनामा भएको मेलामा जिविस मकवानपुर, हेटौँडा उपमहानगरपालिका र उद्योग संघ मकवानपुर आयोजकका रूपमा रहेका थिए । मेलाको शिवम् सिमेन्टस मुख्य प्रायोजन र टिबिआई ग्रुप, टेन्सवर्ग वियरले सहप्रायोजकका रूपमा आर्थिक सहयोग गरेका थिए । त्यस्तै, सहआयोजकमा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र रहेका थिए ।

मेलालाई उद्योग वाणिज्य महासंघ, पर्यटन बोर्ड, जिल्ला कृषि विकास कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयले प्रवर्द्धन गरेका थिए । मेला समापन अर्थ राज्यमन्त्री दामोदर भण्डारीले गरेका थिए ।

# मधेश आन्दोलनमा वैकल्पिक मार्गको खोजी

*उपेन्द्र झा*

मधेशको आगामी कार्यक्रम के हुने भन्ने बिषयमा दलहरूको क्रान्तिकारी नाराहरु त छँदैछ । तर युवा शक्तिमा देखिएको आक्रोश, अविश्वास, निराशा आदिले विकल्पका मार्ग खोज्ने प्रयासहरु पनि अघि बढेको छ । मधेश आन्दोलन पटक पटक यथास्थितिवादी शक्तिहरूको शिकार भइरहँदा यसलाई गन्तव्यमा पुऱ्याउने युवाहरूको दृढता सशक्त रूपमा रहेको सबैले देखिसकेका छन् । मधेशी युवाहरु मधेश आन्दोलन स्थगित भएदेखि नयाँ उर्जा संकलन गरि संगठित हुने दायित्वबोधको दबाबबाट प्रेरित भई पुनः जुट्न बाध्य भएका छन् ।

मधेश आन्दोलनलाई नयाँ सोचका साथ अगाडि बढाउने बाध्यात्मक परिस्थिति आइपरेको अनुभवका साथ युवाहरु मधेशको राजनीतिलाई यथास्थितिको दलदलबाट निकाल्न आवश्यक रहेको स्वीकार्दछन् । नयाँ ढंगको सोचका आधारमा कार्यक्रमलाई राज्यसत्ता विरूद्ध उतार्ने अबको आन्दोलन परिष्कृत हुन जरूरी छ । होइन भने नेताहरूको स्वार्थपूर्तिमा प्रयोग हुने आन्दोलनमा मधेशी युवाहरु शहादत त दिन्छन् तर यसको गुणात्मक उपलब्धि भने केही हुँदैन । शहादत दिएको सूची लामो होला तर मधेशले पाउने वास्तविक अधिकारबाट सधैं वञ्चित नै रहनु पर्ने राजनीतिक विश्लेषकहरूको आँकलन छ ।

शदियौंदेखि भेदभावको उत्पीडन भोगि रहेको मधेशको परिवर्तनको चाहना बलियो भएपछि मधेश आन्दोलनको जन्म भयो । यसले बलपूर्वक राज्य समक्ष आफनो माँग राख्न सफल भयो । संविधान सभाको स्थापना गराएर मधेशको मुद्दालाई व्यापक छलफल गरायो । राज्यको साजिशका कारण मधेशका मुद्दाहरु सम्बोधन हुन सकेन तर यसले मधेशको समस्यालाई नजीरको रूपमा स्थापित गरायो । मधेशको भेदभावलाई हटाउन नचाहेका शासकहरूको लागि सिरदर्द बनेको छ मधेश आन्दोलन । परिवर्तनको मदमा मात्तिएको मधेश अधिकारबिना शान्त बस्ने पक्षमा नरहेकोले राज्य विरूद्धको मधेश आन्दोलन सम्बोधन नहुञ्जेलसम्म चलि रह्ने छ ।

मधेशप्रति राज्यसत्ताको चर्को अन्तर्विरोधले जहाँ मधेशलाई परिवर्तनको पक्षमा दृढतापूर्वक उभ्याई रहेको थियो भने आन्दोलनको जग पनि बसी रहेको थियो । मौका पाएर विस्फोट भएको मधेशले एकातिर सयकडौं बलिदान दिएर आन्दोलनलाई रक्तबाट सिंचित गरेको छ भने परिवर्तनको जागृति ल्याउन मधेशको हावापानीलाई पनि उत्तेजित पारि दिएको छ । परिवर्तनका चाहना राख्ने मधेशको अब एकमात्र लक्ष्य रहेको छ – अधिकार प्राप्ति । बलिदान वा अधिकार – मधेशको एकमात्र आधार । अब त मधेशको आन्दोलनलाई दलले मात्र होईन, मधेश स्वतः आन्दोलित हुने कुरा भर्खरैको आन्दोलनले साबित गरि सकेको छ । मधेश जहाँ आफनो अधिकारप्रति सजग छ त्यहीं युवाशक्तिलाई पनि बलिदानी आन्दोलनको लागि तयार गरि सकेको छ । मधेश आन्दोलनलाई दलहरूले स्थगित गरेपनि मधेश नेतृत्वको खोजिमा लागि परेको छ । आन्दोलन मधेशको आवश्यकता हो । दलहरूको उपयोगको वस्तु होईन । अहिले दलहरु जसरी भीषण आन्दोलनको कुरा गरि रहेको छ यो मधेशको आवश्यकतालाई बुझेरै भनेको हो । अधिकारको सम्बोधन नभएसम्म संघर्ष चलि रहने यथार्थ त सबैले स्वकार्नै पर्छ ।

मधेशको माँगलाई नेपाली काँग्रेसले पनि सम्बोधनको आश देखाएर आफनो जीतको भरपूर फायदा उठाएको छ । सभापतिका प्रत्याशी द्वय शेरबहादुर देउवा र रामचन्द्र पौडेलले आफनो जीतसंग मधेशको समस्यालाई जोडेर चुनाव लडे । म जीतें भने मधेशको समस्यालाई हल गरेर छाड्छु भन्ने अभिव्यक्तिका साथ चुनाव लड्दा शेरबहादुर देउवाले आफनो प्रतिद्वन्द्वी रामचन्द्र पौडेललाई ५२२ मतले पराजित गरि विजय हासिल गरेको छ । के मधेशको सवाललाई नेपाली काँग्रेसका नयाँ सभापति शेरबहादुर देउवाले हल गर्न सक्ला ? बिल्कुलै होईन । यो त राजनीतिक स्टन्टवाजी हो । मधेशको समस्याप्रति शासकवर्ग गम्भीर भएको भए संविधान सभाको ८ वर्षमा मधेशले सुखद अनुभूति गर्न सक्दथ्यो । तर संविधान सभाका ८ वर्ष मधेशको लागि कालरात्रि नै सावित भयो ।

अनुदार सरकारको व्यवहार र मधेशका राजनीतिक अगुवाहरूको वैचारिक फिसलन नै मधेश आन्दोलनका असफलताका कारक तत्व हुन् । यस पटक मधेश आन्दोलनले प्राप्त गरेको बलियो आधार फेरि पाउन मुश्किल नै देखिन्छ । यसरी सशक्त रूपमा रहेको मधेश आन्दोलन निष्कर्षविहीन कसरी बन्यो ? यसको समीक्षात्मक छलफल हुन जरूरी छ । आन्दोलन अवश्यम्भावी रहेकोले परिष्कृत आन्दोलनका लागि एउटा ठोस रणनीति आउन जरूरी छ । दोश्रो पंक्तिको नेतृत्व समूहमा यसको छलफल आवश्यक रहेको देखिन्छ ।

नयाँ शक्ति एउटा उद्देश्य बोकि संघर्ष गरि रहेको हुन्छ । संघर्षलाई गन्तव्यमा पुऱ्याउने एकमात्र उद्देश्यका साथ त्यो शक्ति प्रेरित रहेकोले उसको अर्को बाध्यात्मक परिस्थिति हुँदैन जसबाट उसमा विचलन आओस् । पार्टी संचालन गर्नेहरु अनेक बन्धनमा बाँधिएकाले आन्दोलनलाई संचालन गरे पनि ऊ सिमित घेरामा आन्दोलनलाई राख्न बाध्य रहेको हुन्छ । पार्टी संचालन गर्नेहरूको आन्दोलन व्यक्तिगत स्वार्थ पूर्तिको माध्यम बन्नुको कारण यही हो । अधिकार प्राप्तिका लागि उठाईएको आन्दोलन सो दिशामा बढ्न नसक्नु नेतृत्वको कमजोरिका कारण हो ।

माओवादी संघर्ष आमूल परिवर्तनको दिशामा सशक्त रूपमा बढेको कदम थियो । यसले राज्यसत्तालाई हल्लायो पनि । तर जब त्यो शक्ति पार्टीको रूपमा आयो, त्यसपछि छिन्नभिन्न हुँदै किनारा पनि लाग्यो । न उसको संघर्ष उपलब्धिमूलक बन्न सक्यो न पार्टी नै एकढिक्का रह्न सक्यो । आन्दोलन आम जनताको सहभागितामा हुन्छ भने पार्टी कार्यकर्ताको जमातले संचालन गरेको हुन्छ । पहिलो मधेश आन्दोलन जनताले गरेको थियो र निर्णायक पनि बन्यो । आफनो माँगले संवैधानिक दर्जा पाएको अवस्थामा जनताले यसको पूर्णता दिने अभिभारा राजनीतिक अगुवाहरूलाई सुम्पेको थियो ।

राज्यसत्तामा पुगी असिमित मनोकाँक्षा पूरा गर्ने मधेशका अगुवाहरु अनेक अदृश्य शक्तिहरूको घेरामा बाँधिएको अवस्थामा संचालन गरेको मधेश आन्दोलन स्वतन्त्र हुन सक्दछ ? अधिकार दिलाउने स्वतन्त्र आन्दोलनको नेतृत्व ऊ गर्नै सक्दैन । जनताले अधिकार आन्दोलन गरि दिएपछि मात्र उसको भूमिका शुरु हुन्छ । यहाँ त "आफै बोक्सी आफै झाँक्री" को अवस्थामा मधेश आन्दोलन अलमलिई रहेको छ । पार्टी अगुवाहरु क्रान्तिकारी नारा दिएर अधिकार दिलाउने भ्रम त फैलाउँछन् तर अनेक बहानामा आन्दोलनलाई निर्णायक हुन दिंदैनन् । आफनो स्वार्थ पूर्तिको अवस्थासम्म आन्दोलन चलाउने मधेशका अगुवाहरु यसलाई कहिल्यै निष्कर्षमा पुऱ्याउन सक्दैन । निष्कर्षमा पुऱ्यायो भने पछि के का लागि राजनीति गर्ने ? राजनीति गर्न "इश्यु" त चाहियो । आन्दोलन गन्तव्यसम्म पुग्न नसकेका अनेक कारण मध्ये मधेशको नेतृत्व गर्ने राजनीतिक पार्टीका अगुवाहरु प्रमुख कारण हुन् । यिनी राज्यसत्ताप्रति जति आक्रोशित रहेपनि चरित्र भने संदिग्ध नै रहेको विगतका घटनाक्रमले देखाई सकेको छ ।

६ महिनाको लामो आन्दोलनलाई बिना निष्कर्ष फिर्ता लिने तथाकथित नेताहरूले यसको मधेशमा के प्रतिक्रिया हुने भन्नेबारे किञ्चित पनि सोचेन । मधेश आन्दोलनले सबै शक्तिलाई एकीकृत गरि रहेको बेला नेता भनाउँदाहरूले आफनो पराक्रमको नतिजा ठानेर आत्मविभोर भई रहँदा अहिले विश्वासघाती, अवसरवादी तथा गद्दार आदि संज्ञाबाट विभूषित भई रहेका छन् । मधेश आन्दोलनको विशालता देखेर ठूला पार्टी परित्याग गरि मधेशको प्लेटफारममा आएर आन्दोलन गर्ने मधेशीहरूलाई नेतृत्वले घरको नघाटको अवस्थामा पुऱ्याएको छ । आफनो ठाउँ लिएर बसेकाहरु यताको नउताको भएपछि नेतृत्वको विचारहीनताबाट पूर्ण नैराश्यता भोग्न बाध्य छन् । युवाशक्ति किंकर्त्तव्यविमुढ भएर वैकल्पिक मार्गको खोजीमा भौंतारि रहेका देखिन्छन् । नेताहरूको क्रान्तिकारी नारामाथि आफनै कार्यकर्ता नकारात्मक टिका टिप्पणी गरि रहेका छन् । आन्दोलनप्रति समर्पित मधेशका युवाहरु नेतृत्वको ढुलमुले चरित्रबाट वाक्क दिक्क मानेका छन् । के गरोस् वैकल्पिक मार्ग नभेटाएसम्म यही फिसलनको राजनीतिलाई स्वीकार गर्ने बाध्यता छ ।

मधेशमा जतिसुकै राजनीतिक अन्योल आएपनि आन्दोलनको विकल्प नरहेको सबैले स्वीकारेका छन् । शान्तिपूर्ण आन्दोलनलाई दृढताका साथ अगाडि बढाउने चाहना सबैको भएकोले अहिले वैकल्पिक मार्गको खोजिमा सबैको ध्यान जानु स्वाभाविक हो । मधेशमा आन्दोलनको प्रवल महत्वाकाँक्षालाई परिस्थितिले जन्माई दिएको छ । यही महत्वाकाँक्षाले एकीकृत रूपमा रणनीति पनि तय गर्छ र आन्दोलनको नेतृत्व पनि गर्छ । ०६३ सालमा आन्दोलनको नेतृत्व गर्ने फोरम पार्टीको रूपमा आएपछि तहस नहस भएको सर्वविदित छ । आन्दोलन सफलतापूर्वक हाँकेको फोरम विभाजित हुँदै आफनो अस्तित्व नै गुमाई सकेको छ ।

त्यसकारण आन्दोलन संचालन गर्ने नयाँ शक्तिलाई मधेश खोजिरहेको छ । नयाँ शक्तिले नै आन्दोलनलाई गन्तव्यसम्म पुऱ्याउन सक्दछ । अहिलेको आवश्यकता आन्दोलनलाई सफल गराउनेतिर अग्रसर हुनुपर्ने हो । कुन पार्टीले सफलता लिने भन्ने विषय बिल्कुलै गौण हो । असफलताकै खरानीमा सफलताको सुन पाइने आशमा युवा शक्ति समर्पण भावमा अगाडि बढ्नुपर्दछ ।



# छिमेकीको मनसाय नबुझ्दाको सकस

*प्रा.डा. भीमदेव भट्ट*

नेपालले नयाँ संविधान लेख्न आठ वर्ष लगायो । यस कार्यका लागि दुईपटक संविधानसभाको निर्वाचन गर्नुर्पयो । संविधान लेख्ने सन्दर्भमा भए गरिएको खर्चले विकास निर्माणका ठूला परियोजना कार्यान्वयन हुने विचारसमेत व्यक्त गरिए । यसलाई अन्यथा भन्न मिल्दैन । तर, यसको विकल्प पनि थिएन । यस सन्दर्भमा जेठ २५, २०७२ मा प्रमुख चार राजनीतिक दलबीच सोह्रबुँदे सहमति नभएको भए यो कार्य पूरा हुनेमा शंकै थियो । यद्यपि कतिपय राजनीतिज्ञले एमाले अध्यक्ष केपी ओलीलाई सत्ता प्राप्त गर्ने चटारोले यो सहमति सम्पन्न गराइएको भन्ने लाञ्छनासमेत लगाए । संविधान लेख्ने कार्य लगभग पूरा भइसकेपछि पनि यसबारे थप छलफल गर्न र सबै राजनीतिक पार्टीको सहमतिमा यो कार्य पूरा गर्न प्रत्यक्ष-परोक्ष दबाब सिर्जना भई नै रह्यो । यसबारे वर्तमान समयमा पनि टीका-टिप्पणी जारी छन् ।

संविधानले अन्तिम रूप लिनु केही दिनअघिदेखि नै तराईका विभिन्न राजनीतिक दलले यसमा विमति जनाउँदै विरोध हडताल जारी राखेका थिए । त्यसैबीच भारतका विदेशसचिव नेपाल आई संविधानमा समावेश गर्न भनी सातबुँदे नोट थमाएपछि समस्या झनै चुलियो । अन्ततोगत्वा राष्ट्रपति डा. रामवरण यादवले ३ असोजमा संसद्मै आई संविधान सार्वजनिक गरे । गणतन्त्र नेपालको यस संविधानलाई धेरैले स्वागत गरे पनि छिमेकी राष्ट्र भारतले 'नोट' गरेको प्रतिक्रिया मात्र सार्वजनिक गर्‍यो । यद्यपि १६ माघ २०७२ मा भएको पहिलो संशोधनपश्चात यसलाई सम्मान (रिगार्ड) गर्दै सकारात्मक विकासको रूपमा ग्रहण गर्‍यो ।

संविधान जारी भएपछि र यसको पहिलो संशोधन नहुन्जेल नेपाल र भारतको सम्बन्धमा निकै चिसोपन सिर्जना भयो । खासगरी वीरगन्ज र तराईका अन्य नाका बन्द गरिएपछि नेपालले धेरै कष्ट भोग्नुर्पयो । यस नाकाबन्दीले सर्वसाधारणको चुला-चौकादेखि देशको समस्त विकास, निर्माण र आर्थिक उन्नतिमा प्रतिकूल अवस्था सिर्जना गर्‍यो । भारतले प्रत्यक्ष रूपमा नाकाबन्दी लगाएको स्विकारेन तर नाका सहज पनि तुल्याएन । यस नाकाबन्दीले प्रत्यक्ष रूपमा नेपाललाई त हानि पुर्‍यायो नै तर भारतलाई समेत चैन भने भएन । यस गतिविधिको आलोचना भारतकै संसद्मा पनि गरियो । विश्वले यस घटनालाई मौन अवलोकन गरिरह्यो ।

प्रधानमन्त्री ओलीले तराईमा जारी नाकाबन्दी सहज नभई भारत भ्रमण नगर्ने अभिव्यक्ति दिँदै गर्दा सो अवरोध पनि हट्यो । आ□नो भारत भ्रमणको सम्बन्धमा उनले ४ फागुन ०७२ मा संसद्लाई जानकारी गराए । भारत भ्रमणको सम्बन्धमा राखिएका तीन प्राथमिक विषयमा (१) राजनीतिक सम्बन्ध सुधार (२) विकास निर्माणमा आपसी सहकार्य र (३) भूकम्पपछि पुनर्निर्माण अभियानको अध्ययन थिए । यिनै उद्देश्यअनुरूप उनले ७ देखि १२ फागुनसम्म ६ दिने राजकीय भ्रमण सम्पन्न गरे ।

भ्रमणका सम्बन्धमा दुई देशबीच सातबुँदे सम्झौता सम्पन्न गरियो । सम्झौताअनुसार नेपालमा भूकम्पको सहयोगार्थ घोषणा गरिएको एक खर्ब रूपैयाँ सहयोग, हुलाकी मार्गको विस्तार, पारवाहनसम्बन्धी बंगलाबन्ध र विशाखापटनम बन्दरगाह सञ्चालन, रेल पारवहन सम्झौता, नाट्य संगीत प्रतिष्ठानलाई सहयोग, विद्युत् सम्झौता र प्रभुत्व समूह गठनलगायत विषय छन् । यस भ्रमणका सम्बन्धमा मिश्रित टीका-टिप्पणी भए पनि यसलाई सकारात्मक रूपमा लिइएको छ । मुख्य कुरा सन्धि सम्झौताको कार्यान्वयन कसरी हुन्छ भन्ने विषयमा आम नागरिकले चासो राखेको बुझिन्छ । नेपाल-भारत दुबै देशले आपसी सम्बन्ध पुनरावलोकन गर्न प्रबुद्ध समूह गठन गर्ने प्रतिबद्धता जनाएअनुरूप यस कार्यले पूर्णता पाएकाले आगामी दिनमा दुई देशको सम्बन्ध सुदृढ हुँदै जाने विश्वास गरिएको छ ।

तराई आन्दोलन र नाकाबन्दीले पारेको प्रभाव सामान्य अवस्थामा फर्किनसकेको अनुभूति नेपाली जनताले गरिरहेछन् । एकातर्फ मधेसी मोर्चाले आन्दोलन पुनः सञ्चालन गर्ने उद्घोष गर्नु र अर्कातर्फ भारतबाट आयात गरिने पेट्रोल र एलपी ग्यासको परिमाण पूर्ववत् रूपमा प्राप्त नहुनुका कारण यो द्विविधा उत्पन्न भएको छ । पाँच महिनासम्म नाकाबन्दी हुँदा तस्करी पेसामा लागेका व्यक्तिको गतिविधि ह्वात्तै बढेर गयो । उनीहरु आफूले गर्दै आएको दुई नम्बरी धन्दामा पूर्णविराम लाग्छ कि भनी अहिले पनि सजग छन् । उनीहरूको कसिलो सञ्जालका कारण पनि पेट्रोल र एलपी ग्यासको आपूर्ति सहज हुन सकिरहेको छैन ।

समाजमा विचलन ल्याउन धेरै समय लाग्दैन । विगतका दशवर्षे माओवादी जनयुद्धमा होमिएका कलिला युवालाई दिइएको गलत दीक्षाले धेरैको जीवनमा उथलपुथल ल्यायो । त्यस वेला उनीहरु सकारात्मकभन्दा नकारात्मक गतिविधिमा संलग्न हुनपुगे र कतिपयले अहिलेसम्म पनि पुरानै गतिविधि सञ्चालन गरिरहेछन् । यता आएर भारतले अघोषित रूपमा लगाएको पाँचमहिने नाकाबन्दीले तस्करीमा संलग्न व्यक्तिहरूको संख्या ह्वात्तै बढायो । छोटो समयमै उनीहरूको सञ्जालले तराईका साथै पहाडी जिल्लामा समेत पकड जमाउँदै लग्यो । यस्तो अवस्थामा राज्यको प्रशासनिक अवयव कमजोर हुन पुगेका कारण आमजनताले दैनिक उपभोग्य वस्तुको अभाव झेल्नुर्पयो र चर्को मूल्यसमेत व्यहोर्नुर्पयो ।

नेपाल एक स्वतन्त्र भूपरिवेष्टित राष्ट्र हो । अतीतदेखि नै नेपाली जनता स्वतन्त्र रहँदै आएका छन् । तर, राष्ट्र स्वतन्त्र रहेर पनि आत्मनिर्भर हुन सकिरहेको छैन । यस देशका दुवै छिमेकी भारत र चीन नवोदित शक्तिका रूपमा अगाडि बढिरहेका छन् । नेपालले विगतदेखि नै व्यापार विविधीकरणको नीति अवलम्बन गर्न सकेन । अहिले पनि ८० प्रतिशतभन्दा बढी व्यापार भारतसँगै छ । देशमा आयातको तुलनामा निर्यात नगण्य छ । वार्षिक बजेटको आधार नै विप्रेषण हो । विगतका ६५ वर्ष राजनीतिक परिवर्तनका लागि खर्चियो र यो क्रम अझै जारी छ । हामीले आर्थिक उन्नतिमा ध्यानै पुर्‍याउन सकेनौँ । फलतस् नेपाली नागरिक सधैँ गरिबका गरिबै रहे ।

विश्वमा ठूला-साना सबै राष्ट्रले सार्वभौमिकताको रक्षा गर्नैपर्छ । संयुक्त राष्ट्र संघले स्थापित गरेको मान्यतामा पनि सबै राष्ट्रको हैसियत बराबर छ । यसो भए तापनि यदाकदा ठूला राष्ट्रले साना राष्ट्रमाथि थिचोमिचो गरेका उदाहरण पनि नभएका होइनन् । नेपालविरूद्ध हालै भारतले लगाएको अघोषित नाकाबन्दी त्यसैको एक उदाहरण हो । भविष्यमा राष्ट्रहरूको उन्नति र समृद्धिसँगै यस्ता अवरोध न्यून हुँदै जाने अपेक्षा राख्न सकिन्छ ।

जनप्रशासनका प्राध्यापक फ्रेड डब्लु रिग्सले प्रतिपादन गरेको पर्यावरणीय सिद्धान्तअनुरूप राष्ट्रको समग्र उत्थानमा भित्री-बाहिरी पर्यावरणलाई समेत आधार मान्नुपर्ने हुन्छ । सम्भवतस् नेपालका राजनीतिज्ञले संविधान लेख्ने समयमा यसबारे खासै ध्यान पुर्‍याउन सकेनन् ।



संविधानमा समावेश गरिएका महत्त्वपूर्ण विषयमा (१) राजतन्त्रको अवसान (२) धर्मनिरपेक्षता र (३) संघीयताबारे ठूला राजनीतिक पार्टीका नेताले नै जनतासमक्ष स्पष्ट धारणा सार्वजनिक गर्न सकेको देखिएन । यस्ता मूलभूत विषयमा जनमतसंग्रह गरेरै भए पनि आमनागरिकको धारणा समेट्न सकिन्थ्यो । तर, सो हुन सकेन ।

संविधानको भाग १, धारा ४ मा नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनी लेखिएको छ । त्यसै धाराको स्पष्टीकरणमा यस धाराको प्रयोजनका लागि 'धर्मनिरपेक्ष' भन्नाले सनातनदेखि चलिआएको धर्म-संस्कृतिको संरक्षणलगायत धार्मिक सांस्कृतिक स्वतन्त्रता सम्झनुपर्छ भन्ने उल्लेख छ । संविधानमा नब्बे प्रतिशतभन्दा बढी जनताले हिन्दू राष्ट्रको पक्षमा वकालत गरे पनि सो हुन सकेन । यस विषयले पछिसम्म अत्यधिक नेपालीका साथै छिमेकी राष्ट्रका जनतालाई समेत चिन्तित तुल्याउने निश्चित छ । यस्तो विषयमा प्रत्यक्ष रूपमा स्वदेशी जनताको र परोक्ष रूपमा छिमेकी जनताको मनसाय बुझी निर्यण लिइएको भए भविष्यमा विवाद सिर्जना हुने सम्भावना न्यून रहन्थ्यो ।

दोस्रो अहं विषय संघीयतासित सम्बन्धित छ । तल्लो तहका जनतालाई आफ्नो अधिकारको मालिक बनाउन, विकेद्रित शासन पद्धति सञ्चालन गर्न, देशको विकास र समृद्धिमा सम्पूर्ण जनतालाई संलग्न गराउन, केन्द्रीकृत शासन पद्धतिबाट मुक्ति पाउन, फुटेको राज्यलाई जुटाउन संघीयता कार्यान्वयन आवश्यक देखिन्छ । यसका लागि (क) सामर्थ्य र (ख) पहिचानको आधार स्थापित गरिए पनि केही राजनीतिज्ञले जातीय विषयलाई पनि उच्च स्थान दिएका छन् । संघीयताकै विषयलाई लिएर पहिलो संविधानसभा विघटन गरिएको थियो । वर्तमान समयमा पनि यसले अत्यधिक जनताको जिज्ञासा समन गर्न सकेको देखिन्न । मधेस आन्दोलन यसै विषयको उपज हो भन्दा अत्युक्ति नहोला ।

नेपालजस्तो विपन्न देशले हाल प्रस्तावित सात राज्यको सञ्चालन गर्न सक्छ वा सक्दैन, यसको पूर्ण सञ्चालनअगावै अन्य कुन-कुन विषयको व्यवस्थापन गर्न जरूरी छ, यसको सञ्चालनले सर्वप्रथम आफ्नै देशभित्र र त्यसका साथै छिमेकी देशमा के प्रभाव पार्छ आदि विषयमा गहन अध्ययन नगरेर नै संविधानमा यसबारे निर्णय लिएको बुझिन्छ । आउँदो एक-डेढ वर्षभित्र संघीयताको सञ्चालनबारे आवश्यक पूर्वाधार सिर्जना गर्न नसके यो विषय स्वतस् छायामा पर्न जानेछ ।

नेपालको संविधान लेख्ने समयमा भित्री र बाहिरी पर्यावरणको बोध गर्न नसक्दा संविधान जारी गरेलगत्तै नेपाली जनताले ठूलो सकस भोग्नुर्पयो । प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणसँगै दुई देशबीचको सम्बन्धमा सुधार आएको बताइए पनि मधेसी मोर्चाको चेतावनीका कारण आमनागरिक अझै सशंकित देखिन्छन् । आशा गरौँ राष्ट्रले अर्को राजनीतिक सकस झेल्नुपर्नेछैन ।

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट
सिन्ह्वा कम्पनी प्रा.लि.
बागबजार, काठमाडौं
(पिके क्याम्पस अगाडि, यति प्लाजा)
फोन : ०१-६९२३१५२, ६९२३१३०

# मधेश आन्दोलनको समीक्षा र आगामी रणनीति

*रामसुकुल मण्डल*

आन्दोलनलाई निष्ठा, त्याग, बलिदानको आधारमा अगाडि बढाउने व्यवहारको खाँचो र बृहत आयाम दिन नसक्नुको कारणले आन्दोलनको पतन भएको देखिएको छ । आन्दोलनमा विभिन्न किसिमका मोर्चाहरु देखिए । विभिन्न किसिमका कार्यक्रमहरु देखिए । सबै मधेशी जनताको हक अधिकार सुनिश्चित गर्न आन्दोलन गर्न सक्रिय भएका ती नेताहरूले साझा न्यूनतम् कार्यदिशा र कार्यक्रम तयार पार्न सकेनन् । परिणामस्वरूप मधेशमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र संघीय समावेशी मधेशी गठबन्धन लगायतका विभिन्न मोर्चा र समूहहरु आन्दोलनमा सक्रिय भए ।

मधेशीहरूका नेताहरूले नेपालको लोकतान्त्रिक एवं गणतान्त्रिक आन्दोलनको स्वरूप, विस्तार र परिणामको अध्ययन गर्न नसकेको देखिएको छ । छुट्टा छुट्टै काङ्ग्रेस कम्युनिष्ट जस्ता शक्तिहरूले संघर्ष गर्दा उनीहरूको संघर्ष एकाङ्गी बन्दा परिणाम हात लागी शून्य भएजस्तै अहिलेको मधेश आन्दोलनको परिणति हुन पुगेको हो । मधेशी नेताहरूले मधेशका सबै शक्तिहरूबीच साझा एजेन्डा बनाउन नसक्नु कता हो कता आफैले बनाएको मोर्चाका नेताहरूको उछितो काढने सम्मका खेल भए । त्यो पनि आन्दोलनकै क्रममा । अनि परिणाम हात लागी शून्य स्वाभाविक परिणति जस्तै भएको कतिपय विज्ञहरूको बुझाइ सही साबित हुन पुगेको छ । त्यसैले मधेश आन्दोलनको सफलताका लागि सबै सरोकारवालाबीच साझा मुद्दा र कार्यदिशाको निर्क्यौल गर्नुपर्छ । सबै सरोकारबालाहरु माझ आन्दोलनको सबै स्वरूप र उनीहरूले खेल्ने भूमिकाको खाका प्रस्ट पारेर अघि बढनुपर्ने छ ।

मधेशकेन्द्रित राजनीतिक दलका नेताहरु राजनीतिक एवं कुटनीतिक मैदानमा आलाकाचा रहेको ध्वस्त आन्दोलनको विद्यमान परिणतिले प्रस्ट पारेको छ । हुनत हेर्दा कपाल र दाढी फुलेका र विगतमा तीन ठूला दलकै चौतारीमा बसेर लामो समय राजनीति गरेका नेताहरु नै अहिले मधेशकेन्द्रित राजनीतिको अगुवाइ गरिरहेका छन् । तर उनीहरूले राजनीति र कुटनीतिबीचको तालमेल मिलाउन नसकेका, आपसी ईर्ष्या,द्वेष एव रिस राग पचाउन नसकेका तथा आन्दोलनका कार्यक्रम तय गर्दा त्यसको परिणामबारे ठोस निष्कर्ष निकाल्न नसकेका अपरिपक्व नेताहरूको रूपमा देखिएका छन् । विशेषगरी व्यवस्थापिक संसदमा प्रतिनिधित्व गरेको हिसाबले तुलनात्मकरूपले बलियो मानिएको संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका नेताहरूको क्रियाकलाप त झन् यसलाई पुष्टि गरेको छ ।

संविधान घोषणा हुनअघि सत्ताधारी नेपाली काङ्ग्रेस र एमाले गठबन्धनले प्रमुख प्रतिपक्षी एमाओवादी र पछि एमाले एमाओवादी सतारुढ गठबन्धनले प्रमुख प्रतिपक्षी नेपाली काङ्ग्रेसको बलियो आडभरोसामा अन्धाधुन्द लाठी चार्ज, अश्रुग्यास र गोली चलाएर गरेको गलतीले सुतिरहेका मधेशी जनतालाई आन्दोलित तुल्याएको केही विश्लेषकहरूको बुझाइ छ ।

विगतमा मधेशी हक अधिकारका नाममा लोभलाभको मात्र राजनीति गरी आएका संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका नेताहरूलाई माफी दिएर मधेशी जनताले उनलाई साथ दिएको बुझाईलाई सिरानी मुनि राखेर ती दलका उन्मादी नेताहरूले एकआपसमा आरोपप्रत्यारोपमा उत्रिए । आरोप प्रत्यारोपको प्रकरणमा धेर थोरै सबै नेता देखिए भने संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव र सदभावना पार्टीका अध्यक्ष राजेन्द्र महतो बीच आरोप प्रत्यारोपको जुहारी चलेको नेपाली सञ्चार माध्यम साक्षी नै छ ।

कुनै बेला आफूलाई मात्र मधेशको मसिहा ठान्ने उपेन्द्र यादवले कुनै बेला जालझेल गरी संयुक्त जनआन्दोलनमा क्रान्तिकारी छवि बनाएको नेपाल सद्भावना पार्टी आनन्दीदेवी कब्जा गरेको आरोपलगायतका आरोप खेपेका राजेन्द्र महतोले पछिल्लो मधेश आन्दोलनमा जनता माझ बसेर, प्रहरीको लाठी खाएर आन्दोलन गरी आ□नो छवि निखारदै लगेबाट तर्सेर "भन्दिहाले" महतो सस्तो लोकप्रियता खोजेका छन्" । यति के मात्रै भनेका थिए उपेन्द्र यादवका आसेपासेले फेसबुक वालमा महतो विरुद्ध जथानाम ओक्लिन के पछि पर्थे ओक्लि हाले ।

महतोका आसेपासे पनि चुप बस्न सकेनन् । उनले पनि प्रत्याक्रमण गरिहालेको बेलिविस्तारबारे नेपाली मिडिया साक्षी भएको भन्दै मधेश पक्षीयहरूले ध्वस्त भएको आन्दोलनप्रति चिन्ता व्यक्त गरेका छन् । संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका नेताहरु नजिकरहेकाहरूको विश्वास गर्ने हो भने आन्दोलनको उभारबाट मोर्चाका नेताहरु आन्दोलनले नयाँ नेतृत्व त जन्माउने होइन भने आशंकाबाट आतंकित थिए न कि जनतालाई कसरी अधिकार सम्पन्न भन्ने उद्देश्यबाट अभिप्रेरित थिए ।

लोभलाभको राजनीति र नेतृत्व अन्तै जाने भयबाट भयभित भइ राजनीति गर्दै आएका मोर्चाका नेताहरूलाई अझै चेतखुलेको छैन् । उनीहरूले मधेशमा सक्रिय विभिन्न राजनीतिक दल, अधिकारकर्मी एवं पत्रकार लगायतलाई वास्तै गरेनन् । आन्दोलन संकटमा परिरहेका बेला संघीय समावेशी मधेशी गठबन्धनका नेताहरूले महागठबन्धन बनाउनुपर्नेमा जोड दिरहँदा मोर्चाका नेताहरूको घैँटोमा घाम लाग्न सकेन् । उनीहरूले महागठबन्धनबाट अरु कोही नेता बन्न त खोजिरहेको छैन भन्ने आतंकबाट आतंकित भइ त्यसबारे सोच्दै सोचेनन् । मोर्चाका नेताहरूले मधेशको छिमेकी बिहारमा महागठबन्धनको सफल प्रयोगलाई राजनीतिकरूपमा नियाल्नै सकेनन् । मूल राजनीतिक उद्देश्य प्राप्तिका लागि बिहारका नेताहरूले आफ्ना आफ्ना मानसम्मानको प्रश्नलाई पाखा लगाएर महागठबन्धन बनाएका थिए । मधेशका विश्लेषकहरूले मोर्चाका नेताहरूले आन्दोलन गरिरहँदा देश विदेश सबै ठाउँका गतिविधिलाई नियालिरहनुपर्नेमा त्यसो नगरेको तर्क प्रस्तुत गर्दै उनीहरूमा राजनीतिक एवं कुटनीतिक परिपक्वताको अभाव रहेको खुट्याएका छन् ।

घोषित संविधान, संविधान संशोधन र मधेश आन्दोलनका एजेन्डाहरूलाई अध्ययन गर्दै ती विश्लेषकहरूले मधेशमा आन्दोलनका लागि अझ उर्बरभूमि भएको तर्क गर्छन् । तर आन्दोलनका लागि चाहिने राजनीतिक एवं कुटनीतिक आधार तयार गरे आन्दोलनको नेतृत्व गर्नु हो । यस्तो लरतरो तालको नेतृत्व क्षमता एवं आन्दोलनको गतिले आन्दोलन सफल हुनुभन्दा पनि आन्दोलन बदनाम हुने खतरा बढी रहेको छ ।

उनीहरु भन्छन् "मोर्चाका नेताहरूले आन्दोलन जारी छ जारी छ जति भने पनि त्यसको अर्थ छैन् । मोर्चाका नेताहरूले उठानको शीर्षमा पुगेको आन्दोलनलाई सतहमा झारिसकेका छन् । उनीहरूले आन्दोलन बुझेकै छैनन् । चिसिएको फलाम तताउनु र शिथिल भएको आन्दोलन जगाउनु दुबै उस्तै हो ।"

ती विश्लेषकहरूका अनुसार अब आन्दोलनका लागि साझा एजेन्डा तय गर्नुपर्ने छ । ठीक त्यसैगरी जसरी ०४६ र ०६२-०६३ मा भएको थियो । प्रजातन्त्रको पुनर्बहाली कम्युनिस्ट र काङ्ग्रेसको साझा एजेन्डा बनेको थियो भने । माओवादी र सात दलबीचको साझा एजेन्डा त अहिले ताजै छ । निरंकुश राजतन्त्रको अन्त्य ।

यसैगरी मधेशका सबै राजनीतिक दल, राजनीतिककर्मी, अधिकारवादीहरूसँगको व्यापक छलफल गरी साझा एजेन्डा तय गरी अगाडि बढनुपर्ने आवश्यकता रहेको छ । यसका लागि महागठबन्धनको निर्माणको दिशामा राजनीतिलाई अगाडि बढाने आँट ठूला भनिएका मोर्चाका नेताहरु र तिनका समग्र पार्टी पंक्ति मधेशी जनतालाई अधिकार सम्पन्न बनाउने विषयमा खुला एवं उदार बन्नुपर्ने आवश्यकता छ ।

*(मधेश दर्पण फिचर सेवा)*

**मधेशकेन्द्रित राजनीतिक दलका नेताहरू राजनीतिक एवं कुटनीतिक मैदानमा आलाकाचा रहेको ध्वस्त आन्दोलनको विद्यमान परिणतिले प्रस्ट पारेको छ । हुनत हेर्दा कपाल र दाढी फुलेका र विगतमा तीन ठूला दलकै चौतारीमा बसेर लामो समय राजनीति गरेका नेताहरू नै अहिले मधेशकेन्द्रित राजनीतिको अगुवाइ गरिरहेका छन् ।**

vhsb

## नेपाल समक्ष आईसीसीका दुई शर्त

काठमाडौं । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी)ले विश्व क्रिकेट लिग च्याम्पियनसिप अन्तर्गत नेपाल र नामिबियाबीचको खेल कीर्तिपुरमा खेलाउन दुई शर्त राखेको छ ।

नेपाल र नामिबियाबीच आगामी वैशाख ४ र ६ (अप्रिल १६ र १८ तारिख) मा काठमाडौंको कीर्तिपुर मैदानमा खेल हुने पहिले नै तय भएको थियो । तर, हालैका दिनमा नेपाल क्रिकेट संघमा देखिएको विवादपछि आईसीसीले खेल दिल्लीको ग्रेटर नोयडामा सर्न सक्ने संकेत दिएको थियो ।

आईसीसीले विज्ञप्ति जारी गर्दै नेपाल र नामिबियाको खेल कीर्तिपुरमा गर्न आफ्ना शर्तहरु पुरा हुनुपर्ने जानकारी गराएको छ । यी शर्त पुरा भए कीर्तिपुरमा खेल खेलाउने र शर्त पुरा नभए नेपाल बाहिर गर्ने

International Cricket Council

आईसीसीले बताएको छ । मैदानको अवस्था र सुरक्षा प्रवन्धबारे आश्वस्त भएपछि मात्र कीर्तिपुरमा खेलाउन सकिने आइसीसीले बताएको छ ।

नेपाल क्रिकेट संघ क्यानको आधिकारिकता विवाद रहेको भन्दै आईसीसीले राखेपले बनाएको तदर्थ समिति र निर्वाचित क्यानको सहमति र राखेपको सहयोगमा काम गर्ने बताएको छ । नेपाली प्रशिक्षक र कप्तानसमेत सम्मिलित एक स्वतन्त्र छनोट समिति बनाइ नामिबियाविरूद्ध खेल्ने नेपाली टिमको छनौट गर्नुपर्ने आईसीसीको पहिलो शर्त छ । र, छनोट समितिको सल्लाहकारमा एसिया डेभलोपमेन्ट अफिसर वेन्कटपति राजु रहनेछन् । यो शर्त मान्न खासै समस्या छैन प्रशिक्षक जगत टमाटाले खेलाडीहरूलाई बन्द प्रशिक्षणमा बोलाइसकेका छन् र टिम पनि उनले नै छनोट गर्नेछन् ।

आईसीसीको दोस्रो शर्त कीर्तिपुरको मैदानबारे छ । एसिया डेभलोपमेन्ट म्यानेजर बन्दुला वर्नापुराले कीर्तिपुरस्थित मैदानको निरीक्षण गर्नेछन् । बन्दुला केही दिनमा नै नेपाल आउने छन् र मैदानका साथै साथै सुरक्षा प्रवन्धबारे पनि अध्ययन गरिने छ । आईसीसीले भनेको छ, 'यदि यी सर्तहरू पुरा भएमा खेल काठमाडौंमा हुनेछ । तर, पास भएन भने हामी नेपाल बाहिर खेल स्थल तय गर्नेछौं ।'

यसैबीच नेपाल क्रिकेट संघ क्यानकी सीईओ भावना घिमिरेले भने नेपालमा खेल हुने ८० प्रतिशत पक्का भएको प्रतिक्रिया दिएकी छिन् ।

## बार्यन र बार्सिलोना क्वार्टरफाइनलमा

बार्यन म्युनिखले दुई गोलले पछि परेको अवस्था उल्टाउँदै युभेन्टसलाई अतिरिक्त समयमा हराएको छ र नाटकीय रूपमा च्याम्पियन्स लिग फुटबलको क्वार्टरफाइनलमा स्थान बनाएकको छ ।

पहिले लेग २-२ को बराबरीमा सकिएको थियो । बार्यनको घरेलु मैदानमा बुधबार राति भएको दोस्रो लेगमा युभेन्टसले सुरुवाति २८ मिनेटमा नै दुई गोल गऱ्यो । इटानियल क्लब युभेन्टसले पाँचौं मिनेटमा पोग्बाको गोलबाट अग्रता लिएको थियो २८ औं मिनेटमा क्वाड्राडोले गोल गरेपछि युभेन्टस निकै सहज अवस्थामा पुग्यो ।

खेलको ७३ औं मिनेटमा रोबर्ट लेभान्डोस्कीले हेड गोल गर्दै घरेलु टोलीको आश जगाए । अन्तिमसम्म पनि घरेलु टोलीले गोल थप्न



नसकेपछि युभेन्टस अघिल्लो चरण पुग्ने लगभग पक्का जस्तै देखिएको थियो । तर, अन्तिम केही मिनेट सम्हालिन सकेन र थोमर मुलरले ९० मिनेटका खेल सकिनै लाग्दा गोल गरे । र, खेल अतिरिक्त समयमा गयो । थपिएको ३० मिनेटमा भने बार्यन हावी भयो । १०८ औं मिनेटमा थिएगोले गोल गरे भने ११० औं मिनेटमा कोमानले गोल गर्दै घरेलु टोलीलाई ४-२ को नाटकीय जित दिलाएका छन् ।

त्यसैगरी डिफेण्डिङ च्याम्पियन बार्सिलोनाले दोस्रो लेगमा इंग्लिस क्लब आर्सनललाई ३-१ ले पराजित गरेको छ । सग्रममा आर्सनललाई ५-१ ले पराजित गर्दै बार्सिलोना च्याम्पियन्स लिग फुटबलको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । पहिलो लेगमा बार्सिलोना २-० ले विजयी भएको थियो ।

घरेलु मैदान नाउ क्याम्पम भएको खेलमा बार्सिलोनाले १८ औं मिनेटमा नेइमारको गोलबाट अग्रता लिएको थियो । तर, ५१ औं मिनेटमा आर्सनलले बराबरी गोल फर्कायो ।

६५ औं मिनेटमा लुइस स्वरेजले गोल गरे भने ८८ औं मिनेटमा लिओनल मेस्सीले गोल गर्दै बार्सिलोनालाई ३-१ को जित दिलाए ।

## /Elg va/




### 'लुकामारी' मा यस्तो देखिए सौगात

केही दिन अगाडि २ मुख्य नायिका रीस्ता बस्नेत र सुरविना कार्कीको मात्र तस्बिर सार्वजनिक गरेर प्रदर्शन मिति तय गरेको चलचित्र 'लुकामारी'को फस्ट लुक सार्वजनिक भएको छ । सार्वजनिक फस्ट लुकमा नायक सौगात मल्ललाई विल्कुलै भिन्न गेटअपमा देखाइएको छ ।

पोष्टरमा सौगात खाली ग्यास सिलिन्डर बोकेको अवस्थामा छन् । ग्लेज इन्टरटेन्मेन्टको प्रस्तुतीमा तयार भएको यो चलचित्रले अपराध मनोविज्ञानलाई हाँस्य रसमा प्रस्तुत गरेको छ ।

सुरजमान सिंह भण्डारीले निर्माण गरेको यो चलचित्रमा सुसन प्रजापतिको छायांकन, कृष्ण भण्डारीको सम्पादन, विनोद खतिवडाको पटकथा तथा संवाद, अष्ट महर्जनको एक्सन, रेनिशा राइको नृत्य निर्देशन, विकास सिलवालको संगीत छ । चलचित्रको निर्देशन श्रीराम दाहालले गरेका हुन् ।

चलचित्रमा सौगात मल्ल, कर्मा, सुरविना कार्की, रीस्ता बस्नेत, विक्रम सिंह थारु, जेवीडीसी, बसन्त भट्ट मुख्य भूमिकामा छन् ।

चलचित्र 'लुकामारी' जेठ २८ गतेबाट देशभरका हलमा रिलिज हुनेछ । निर्देशक दाहालका अनुसार कमेडी, एक्सनलाई फरक शैलीमा प्रस्तुत गरिएकाले पूरा अवधीभर दर्शकले चलचित्र हेरेर मनोरञ्जन लिनेछन् । चलचित्रको फस्ट लुक सार्वजनिक भएसँगै दर्शकमा कौतुहलता र उत्साह बढ्ने अपेक्षा छ ।

### नाई नभन्नु ल ४को ट्रेलर

प्रतिक्षित चलचित्र 'नाई नभन्नु ल ४'को ट्रेलर सार्वजनिक गरिएको छ । सार्वजनिक ट्रेलरमा चलचित्रका डेब्यू नायक पल शाह हाइलाइट भएका छन् । पलकै



वरिपरी घुमेको ट्रेलरमा प्रियंका कार्की, अनुभव रेग्मी, बर्षा राउत, आँचल शर्मा, सरोज खनालले उनलाई साथ दिएका छन् ।

ट्रेलरमा माया, प्रेम, विछोड र परिवारका कुरा जोडिएको छ । ३ वटा सिक्वेल हिट भएपछि निर्देशक विकास आचार्यले चौथो पटक यसको सिक्वेल निर्देशन गरेका हुन् ।

विकासले यसपटक पनि चलचित्रको कथावस्तुले दर्शकको मन छुने दाबी गरेका छन् । यो चलचित्र चैत्र २६ गतेबाट प्रदर्शनमा आउँदैछ ।

### हिरो बनाउँदै सबिन

अभिनेता सबिन श्रेष्ठले फिल्म निर्माण गर्ने भएका छन् । उनले आफूले निर्माण गर्ने फिल्मको नाम हिरो रिर्टन्स् राखेका छन् । शिवम अधिकारीको लेखन रहेको फिल्मको सुटिङ भने मध्यवैशाखबाट सुरू हुने बताइएको छ ।




समीर मियाँको निर्देशनमा बन्ने फिल्मको निर्मातामा सबिनसँगै सहदेव गौतम र अमन मियाँ छन् । फिल्ममा आफू एक्सन रोलमा प्रस्तुत हुने सबिन बताउँछन् । फिल्मका अन्य कलाकार चयन बाँकी रहेको बताइएको छ ।

### सुन्तलीलाई भगाई लग्यो झिल्केलेको शीर्ष गीत सार्वजनिक

कमेडी फिल्म 'सुन्तलीलाई भगाई लग्यो झिल्केले'को शीर्ष गीतको भिडियो सार्वजनिक गरिएको छ । ऋषिराज आचार्यको निर्माण र निर्देशनमा बनेको फिल्मको शीर्ष



गीतमा माण्डवी त्रिपाठी र कालीप्रसाद बास्कोटाको स्वर छ । निर्देशक आचार्यकै शब्द रहेका सो गीतमा सुशान्त कार्की, सुरजनी केसी र सुशील सिटौलाले नृत्य गरेका छन् । गम्भीर विष्टले कोरियोग्राफी गरेको सो गीत ओखलढुंगाका विभिन्न स्थानमा खिचिएको हो । साउनमा प्रदर्शन गरिने फिल्म प्रेमकथामा निर्माण गरिएको आचार्य बताउँछन् । उनले यसअघि 'मिस्टेक' र 'सपना तिम्रो मेरो' निर्माण गरिसकेका छन् ।

### 'प्रथम गुरू' सार्वजनिक

किर्गिजस्तानी लेखक चिनगिज आइतमातोभको चर्चित लघुउपन्यास 'द फर्स्ट टिचर'को नेपाली अनुवाद 'प्रथम गुरू' सार्वजनिक भएको छ । पुस्तकको नेपाली अनुवाद लेखक खगेन्द्र संग्रौलाले गरेका हुन् । शनिबार एक पुस्तक आख्यानकार राजन मुकारुङ, नयनराज पाण्डे र कवि संगीत श्रोताले सार्वजनिक गरे ।

कार्यक्रममा पुस्तकको सामाजिक र राजनीतिक मूल्य बुझेर नै आफूले अनुवादको जिम्मा लिएको अनुवादक संग्रौलाले बताए । पुस्तकले आदर्श जोगाउन महत्वपूर्ण भूमिका खेल्ने बताउँदै उनले भने, 'हामीकहाँ एउटा बजार भन्ने दानव छ । जसले सिद्धान्त, मान्यता, आदर्श, नैतिक निष्ठा, इमान, उद्देश्य आदि जे छ, खाइदिन्छ । जसले गर्दा अहिले आदर्शको रिक्तता पैदा भएको छ । यस्तो वेला आदर्शको बिउ जोगाउनु आवश्यक छ । यो पुस्तकले त्यसो गर्न उत्प्रेरित गर्छ ।' उनले नेपाली समाजमा पुस्तक सान्दर्भिक रहेकामा पनि जोड दिए । पुस्तक बिएन पुस्तक संसारले प्रकाशित गरेको हो ।

### किताबको छायांकन

किताबलाई मायाँ गरौं भन्ने थिममा आधारित फिल्म 'किताब'को छायांकन सुरू भएको छ । केसाङ आर्ट क्रियसनको ब्यानरमा बनेको किताबको निर्देशन केसाङ लामा हुन् । रेमा लामा कार्यकारी निर्माता रहेको फिल्मको लेखन/संगीत निर्देशक लामाले नै गरेका हुन् ।

उपत्यकाका विभिन्न स्थानमा छायांकन भइरहेको फिल्म श्रीकृष्ण फुयालले खिचेका हुन् । फिल्ममा उत्तम केसी, लक्ष्मणविक्रम बस्नेत, सिलिका महर्जन, ज्योति पोखरेल, सुरेखा सबु, सीता नेपाली, रोमा लामा, सोनी कँडेल, तप्तबहादुर खत्रीलगायतको अभिनय रहेको छ । फिल्मको सम्पादन श्रीकृष्ण फुयालले गरेका छन् ।

## skt/6

### हिमालयन बैंकले किन्यो एससिटीको सेयर खरिद

हिमालयन बैंकले स्मार्ट च्वाइस टेक्नोलोजी (एससिटी)को २० प्रतिशत इक्विटी सेयर खरिद गरेको छ । हिमालयन एससिटी सञ्जालमा अबद्ध एटिएम तथा पिओसबाट हुने सम्पूर्ण कारोबारको सेटलमेन्ट बैंक हो ।

एससिटी प्रालि नेपालभित्र विभिन्न बैंक तथा वित्तीय संस्थामार्फत एटिएम तथा पिओस सेवा प्रदान गर्दै आइरहेको कम्पनी हो । २००१ मा स्थापित कम्पनीले नेपालभित्रका विभिन्न बैंक तथा वित्तीय संस्थामार्फत सेवा विस्तार गर्दै आइरहेको छ ।

यसबाहेक कम्पनीको सञ्जाल भारत, भुटान तथा चीनमा समेत विस्तार भइरहेको छ । हाल एससिटी सञ्जालअन्तर्गत ५९ वित्तीय संस्थाका ९ सय ८५ एटिएम सञ्चालनमा छन् । यी एटिएमले ग्राहकलाई दैनिक औसत १३ करोड ५२ लाख नगद प्रवाह गर्दै आएको बैंकले बताएको छ । हिमालयन बैंक तथा स्मार्ट च्वाइस टेक्नोलोजीले मुलुकमा हाल भइरहेको कार्ड सेवालाई अत्याधुनिक प्रविधियुक्त बनाई वित्तीय सेवा उच्चस्तरको बनाउने उद्देश्यले सम्झौता गरिएको बताएका छन् ।

### सिटिजन्सले फिनाकल सफ्टवेयर खरिद गर्ने

सिटिजन्स बैंक इन्टरनेसनलले ग्राहक सुविधालाई लक्षित गरी अत्याधुनिक बैंकिङ सेवा पुर्‍याउने उद्देश्यले नयाँ कोर बैंकिङ सफ्टवेयर खरिद प्रक्रिया अगाडि बढाएको छ ।

बैंकले भारतको सफ्टवेयर कम्पनी एमएस एज भर्भ सिस्टमसँग सफ्टवेयर खरिद सम्झौता गरिएको जनाएको छ । कोर बैंकिङ सफ्टवेयर लागू गर्न नेपालको एमएस क्यास ट्रेडिङ हाउससँग पनि सम्झौता गरिएको बैंकले बताएको छ । फिनाकल संसारभरि चलेको उच्चस्तरीय बैंकिङ सफ्टवेयरमध्ये एक हो । कोर बैंकिङ सफ्टवेयर लागू भएपछि ग्राहकलाई गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्ने क्षमतामा वृद्धि हुने विश्वास लिइएको बैंकका प्रमुख कार्यकारी अधिकृत राजनसिंह भण्डारीले जाकारी दिए ।

### सिटी एक्सप्रेस-क्लियरिङ हाउस सम्झौता

रेमिट्यान्स कम्पनी सिटी एक्सप्रेस मनी ट्रान्सफर र बैंक वित्तीय संस्थालाई अन्तरबैंक विद्युतीय भुक्तानी प्रणालीमा आबद्ध गराउँदै आएको नेपाल क्लियरिङ हाउसबीच अन्तरबैंक विद्युतीय भुक्तानी प्रणाली सम्झौता भएको छ । सम्झौतापछि विदेशबाट सिटी एक्सप्रेसमार्फत पठाइएको रेमिट्यान्स विद्युतीय भुक्तानी प्रणालीद्वारा सेवाग्राहीको नेपालस्थित बैंकमा रहेका खातामा जम्मा हुनेछ । सम्झौतापत्रमा सिटी एक्सप्रेसका प्रबन्ध निर्देशक चन्द्र टन्डन र नेपाल क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत नीलेशमान सिंह प्रधानले हस्ताक्षर गरेका थिए ।

### जियोनी एस सिक्स बजारमा

जियोनीले इलाइफ एस सिरिजको नयाँ मोडेल एस सिक्स नेपाली बजारमा भित्र्याएको छ । नेपालमा रूचाइएको एस सेवेन मोडलपछि एस सिरिजको नयाँ मोडेल बजारमा बिक्री सुरु गरिएको कम्पनीले जनाएको छ । मिस नेपाल अर्थ दिव्यता वैद्य र मिस नेपाल इन्टरनेसनल मेधा कोइरालाले नेपालमा एस सिक्सको विमोचन गरेका हुन् । जियोनी एस सिरिजका मोडेल डिजाइनमा अत्यन्त राम्रो भएकाले अन्य फोनका मोडलभन्दा आकर्षक देखिने कम्पनीको भनाइ छ ।

एस सिक्समा ६.९ मिलिमिटर पातलो चम्किलो मेटल फ्रेम भएको पूर्ण मेटालिक डिजाइन, कोर्निङ गोरिल्ला ग्लास, ५.५ इन्चको ७२० पिको सुपर एमोलेड स्क्रिन छ । त्यस्तै, एस सिक्समा १.३ गिगाहर्जको ६४ बिट अक्टा कोर प्रोसेसर, ३ जिबी न्याम र ३२ जिबी इन्टर्नल स्टोरेज, १३ मेगापिक्सेल र ५ मेगापिक्सेल क्यामेरा, डुअल सिमलगायत सुविधा रहेको कम्पनीले बताएको छ । कालो, सिल्भर र रोज गोल्ड कलरमा नेपाली बजारमा बिक्री सुरु गरिएको एस सिक्सको मूल्य २९,९९९ रूपैयाँ पर्ने कम्पनीले जनाएको छ ।

### पोखरा फाइनान्सको वार्षिकोत्सव

मुख्य कार्यालय पोखरामा रहेको पोखरा फाइनान्स बुधबारदेखि २०औं वर्ष प्रवेशमा गरेको छ । वार्षिकोत्सवका अवसरमा मुख्य कार्यालय न्युरोड, पोखरामा 'गिभ ब्लड सेभ लाइफ' नारासहित रक्तदान आयोजना गरिएको कम्पनीले जनाएको छ । रक्तदानमा संकलित ६६ युनिट ब्लड ब्याग कम्पनी अध्यक्ष भुवनसिं गुरूङले सिइओ राजकुमार गुरूङलाई हस्तान्तरण गरेका थिए । चुक्ता पुँजी ४९ करोड ११ लाख १९ हजार २ सय रहेको कम्पनीले छिट्टै तनहुँको डुम्रेबजारमा नयाँ शाखा सञ्चालनको अन्तिम तयारी भइरहेको बताएको छ ।

### इ-जिटा ट्याक्सीको ग्राहक भेटघाट

काठमाडौं/ टाटा गाडीका लागि नेपालको आधिकारिक विक्रेता सिप्रदी ट्रेडिङ प्रालिले मार्च १४ मा टाटा इ-जिटा ग्राहक भेटघाट कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा १ सय २० जना ट्याक्सीधनी तथा व्यवसायी सहभागी भएको कम्पनीले बताएको छ ।

ग्राहक भेटमा ८२ वटा इ-जिटा ट्याक्सी बुकिङ गरिएको कम्पनीको भनाइ छ । इ-जिटा टाटा मोटर्सको फुलअप्सन ट्याक्सी हो जसमा एसी, पावर स्टेरिङ, पावर विन्डोज, ब्लुटुथबाट कनेक्ट हुने म्युजिक सिस्टमलगायत विशेषता छन् ।

## मिडिया...

गरेका थिए । मिडिया नेपाल नामक संगठनले मुलुकभर नै आफ्नो उपस्थिति जनाउने भन्दै अहिले निर्माण गरिएको तदर्थ समितिलाई समेत समावेशी र समानुपातिक ढंगले निर्माण गरेको छ । मेचीदेखि महाकालीसम्मकै पत्रकारहरूलाई स्थान दिएर संगठन निर्माण गरिएको सो संस्थाका अध्यक्ष गोपाल पौडेलले बताए । पाँचै विकास क्षेत्रबाट एक एक उपाध्यक्षसहित घोषणा गरिएको उद्घाटन समारोहलाई क्रान्तिकारी पत्रकार संघका अध्यक्ष गोविन्द आचार्य, एभीन्यूज टेलिभिजनका अध्यक्ष भाष्करराज राजकर्णिकारलगायत प्राध्यापक पी खरेल, अन्नपूर्ण पोष्ट दैनिकका सम्पादक युवराज घिमिरे, नेपाल पत्रकार महासंघका केन्द्रिंय सदस्य रामहरि सिलवाललगायतका विभिन्न व्यक्तिहरूले नयाँ संगठनको सफलताका लागि शुभकामना व्यक्त गर्दै आ-आफ्ना संगठनहरूले नयाँ संगठनसँग सहकार्य गर्ने प्रतिबद्धता समेत जनाएका थिए ।

उद्घाटन समारोहमा खचाखच भरिएका पत्रकारहरूले नयाँ संगठनले व्यवसायिक रूपमा अघि बढ्न पत्रकबारहरूलाई सहयोग गर्नुपर्ने भन्दै तालिमको व्यवस्था गर्न समेत मिडिया नेपालका अध्यक्ष पौडेललाई आग्रह गरेका थिए । अध्यक्ष पौडेलले आफ्नो संगठन भर्खरै निर्माण भएकाले विस्तारै सबै कुरा व्यवस्थित गर्दै जाने र शुद्ध व्यवसायिक रूपमा संगठनलाई अघि बढाउने प्रतिबद्धता जनाउँदै सबैको सहयोग र समर्थनक लागि आग्रह गरेका थिए । समारोहलाई सम्बोधनगर्दै अध्यक्ष पौडेलले सबै राष्ट्रवादी पत्रकारहरूलाई मिडिया नेपालमा आवद्ध हुन आग्रह समेत गरेका हुनाले केही दिनभत्रैमा सयौँ पत्रकारहरू उक्त संगठनमा आवद्ध हुने समेत संकेत देखिएको छ ।

## नाकाबन्दी...

लिएर आन्दोलन गर्न पूर्वमन्त्री पासवानले मधेसवलादी दलहरूलाई आग्रह गरेका थिए । उनले मधेस आन्दोलन सफल हुने र शहिदको वलिदान खेर नजाने बताउँदै पहिचान र अधिकारको आन्दोलन जायज रहेको बताएका थिए ।

सो अवसरमा बोल्दै भारतका वरिष्ठ पत्रकार रूपेश पाण्डेले नेपाल-भारतको सम्बन्धमा चीनले भाँजो हालेको र भाँजो हाल्दै आएको आरोप समेत लगाएका छन् । नेपाल-भारतबीचको सम्बन्धमा कहिंकतै रूकावट छ भने त्यो चीनको कारण भएको भन्दै मधेसको पैसा कुनै हालतमा पनि चीन जानु हुँदैन, वरू नेपलामै रहोस् र वरू भारतमा आओस भनेका थिए । पछिल्लो १० वर्षमा नेपाल-भारतबीचको सम्बन्धमा तिक्तता आएको स्वीकार गर्दै नाकाबन्दी र हिंसात्मक आन्दोलनले अधिकार नपाइने भन्दै मधेसमा जतिसुकै बन्दा हड्ताल गरे पनि दिल्ली र काठमाडौंले नसुन्ने बताउँदै मधेसको आवाज सुन्न सामाजिक जागरण ल्याउने कार्यक्रम गर्न मधेसवादी दहलरूलाई सुझाव दिएका थिए ।

केही मधेसवादी दलहरूले आन्दोलनको धम्की दिइरहेको बेला भारतीय सत्तारूढ पार्टीकै वरिष्ठ नेताहरू नेपाल आएर मधेसवादी दलहरूलाई आन्दोलन गर्नजस्तोसुकै सहयोग गर्न तयार रहेको उद्घोष गर्न थालेका हुनाले नेपाल-भारत सम्बन्धमा प्रधानमन्त्री केपी ओलीले सुधार आएको बताए पनि सुधार नभएको जस्तो देखिएको छ । मधेसवादी दलहरूले गर्ने गरेका आन्दोलनलाई देखाएर भारतले अघोषित नाकाबन्दी गरेर नेपाल र नेपाली जनतालाई पटक-पटक दुःख दिंदै आएकोमा पछिल्लो पटकको अघोषित नाकाबन्दीको नेपाली जनताले डटेर मुकाविला गरेपछि भारत अघोषित नाकाबन्दी अघोषित रूपमै हटाउन बाध्य भएको थियो ।

तिनै मधेसवादी दलहरूलाई देखाएर भारतले फेरि नाकाबन्दी गर्ने प्रपञ्च रच्नुभन्दा भारतको संविधानले भारतीय जनतालाई कस्तो अधिकार प्रदान गरेको छ, त्यो हेर्नु उचित हुनेछ । नेपालको नयाँ संविधान भारतको भन्दा धेरै अग्रगामी गरेको छ । सबैलाई अधिकार प्रदान गरिएको नेपालको संविधानलाई भारतले स्वीकार गर्न नसक्नु आफ्नै देशमा जनताले विद्रोह गर्छन् भन्ने डर भारतलाई लागेको देखिन्छ ।

## एउटा...

सबै भन्दा ठूलो पार्टी भएपनि ऊ सरकारमा नगएपनि सरकार सञ्चालनमा कुनै कठिनाई नआउने उद्घोष गरेको थिए । अध्यक्ष दाहालले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक सिद्धान्त समेटिएको संविधान अहिलेसम्मको सबैभन्दा अगाडि रहेको बताएका छन् । अहिले संविधानमा राष्ट्रिय स्वाधिनता, भौगोलिक आवश्यकता र जनतामा निहित सार्वभौमसत्ता बाहेक अन्य सबै कुरा परिवर्तनशील रहेको छ । गतिशील संविधानलाई जनताको भावना अनुसार संशोधन गर्न सकिने बताउँदै अहिले सबै दल मिलेर संविधान कार्यान्वयनमा जानुपर्ने आवश्यकता बताएका हुन् ।

दाहालले उक्त कुरा राष्ट्रिय जनमोर्चाका उपाध्यक्षसहित अन्य कार्यकर्ताहरूलाई आफ्नो पार्टीमा प्रवेश गराउने कार्यक्रममा बताएका हुन् । राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष वीरबहादुर गोलेलाई एमाओवादीको केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित कार्यक्रममा हालै मात्र जनमोर्चाको उपाध्यक्षमा चुनिएका गोलेलाई आफ्नो पार्टीमा प्रवेश गराएका हुन् । कार्यक्रममा बोल्दै अध्यक्ष दाहालले संविधान कार्यान्वयनका लागि वापमन्थी र प्रगतिशील शक्तिको दह्रो एकता चाहिने बताउँदै आफूले संसदबाहिर रहेका वामपन्थी शक्तिहरूलाई समेत एकै ठाउँमा ल्याउने प्रयास गरिरहेको बताएका थिए ।

संसदमा आफ्नो पार्टी तेस्रो स्थानमा रहेपनि राजनीति पहलकदमीमा आफ्नो पार्टी पहिलो स्थानमा रहेको दाबी गर्दै कम्युनिष्टहरूको नेतृत्व विना उत्पीडित वर्गहरूले आफ्नो हक अधिकार पाएको विश्वकै इतिहास नरहेको बताउँदै निदाएको माओवादी अब उठ्न खोजेको छ । एकले अर्कोलाई गाली गरेर हिड्न खोज्नेहरू जुट्न खोज्दैछ भन्दै संविधान निर्माणपछि एउटा डाक्टरले पार्टी छोडेर गएपनि अरू डाक्टर आएका छन् भन्दै प्राडा दुर्गाभक्त शर्मा उपाध्यक्षसहितका पार्टी प्रवेश गर्नेहरूलाई आश्वासन दिए आगामी केन्द्रीय समितिका बैठकले तपाईहरूको योगदानको मूल्याँकन गर्दै पार्टीले जिम्मेवारी दिने उद्घोष समेत गरेका थिए ।

## गच्छदार...

सभामुखले जे जति स्टेप चाल्नुभयो त्यो ठिक बेठिक भन्दा पनि संसदीय सुनुवाई समिति नै नभएको बेला न्यायपरिषद्ले सिफारिस गर्नु नै गलत भएको बताएका थिए । संसदीय सुनुवाई समिति नभएकोले तथा संसदीय नियमावली समेत नभएको न्यायपरिषदलाई थाहा हुँदाहुँदै पनि सिफारिस पठाउने अवस्थालाई राम्रो मान्न नसकिने भन्दै सरकारले त्यसलाई नसच्याएको खण्डमा आफ्नो पार्टी सरकारबाट हट्न सक्ने संकेत दिएको सुत्रले दाबी गरेको छ ।

नेपाली कांग्रेसको १३ औं महाधिवेशन सम्पन्न भएको र सरकार परिवर्तन हुने हल्ला चलिरहेको बेला उपप्रधान तथा भौतिक योजना मन्त्री गच्छादारले प्रधानमन्त्रीसँग सरकार सञ्चालनमा र कार्यान्वयनमा समेत असन्तुष्टि जनाएको हुनाले त्यसलाई सरकार परिवर्तनको संकेतका रूपमा हेरिएको छ ।

सत्ताधारी दल नेकपा एमाले र एमाआवादी नेताहरूले ओली नेतृत्वको सरकार दुई वर्षसम्म रहिरहने उद्घोष गरिरहेको बेला प्रभावशाली उपप्रधानमन्त्री गच्छादारले प्रधानमन्त्रीसँग सरकार सञ्चालन र कार्यान्वयनमा असन्तुष्टि जनाउनुलाई सरकारको असफलताका रूपमा हेरिएको छ । एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले समेत ओली नेतृत्वको सरकारले ठोस काम गर्न नसकेको भन्दै सरकारका राज्यराष्ट्रप्रति असन्तुष्टि जनाउदै आएपनि अहिले परिरहेको भएपनि गच्छादारले भने आफ्नो पार्टीको सरकारमा निरन्तरताप्रति पुर्नविचार गर्न पार्टी तयार रहेको संकेत गरेपछि ओली नेतृत्वको सरकार परिवर्तन हुन सक्ने सम्भावना बढेर गएको एक राजनीतिक विश्लेषकले बताएका छन् । उनका अनुसार कालोबजारी रोक्न पेट्रोल, ग्याँस लगायत अति आवश्यकीय वस्तुहरू आपूर्ति गर्न असफल भएको छ भने अर्कोतर्फ संयुक्त सरकारको अवधारणालाई नेकपा एमालेले, एकलौटी सरकार झै सरूवा, नियुक्ति र बढुवामा समेत सरकारमा सहभागी भएका दलहरूलाई वेवास्ता गरेको हुनाले सत्तासाझेदार दलहरू समेत नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलीप्रति रूष्ट हुँदै गएका छन् । नवनिर्वाचित नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाले ओली नेतृत्वको सरकार आफ्नै कारणले ढल्ने उदघोष गरेको भोलिपल्टै गच्छादारले सरकार छोड्ने चेतावनी दिनुको अर्थ ?

## अब निजामति...

गराउन प्रस्ताव गरिएको छ । हाल महिला, मधेसी, आदिवासी जनजाति, अपाङ्ग, दलित र पिछडिएको क्षेत्रलाई मात्रै आरक्षणको व्यवस्था छ । नयाँ प्रस्तावअनुसार अब खसआर्य, थारू, पिछडावर्ग र मुस्लिम सुमदायका लागि पनि आरक्षणको व्यवस्था गर्न सुझाव दिइएको छ ।

यसअघि खसआर्य र पिछडावर्गलाई आरक्षणको व्यवस्था थिएन । थारूलाई आदिवासी जनजातिभित्र तथा मुस्लिमलाई मधेसी भित्र राखिएको थियो । निजामति सेवामा पदपूर्ति गर्दा आदिवासी जनजातिलाई २७ प्रतिशत, मधेसी र खस आर्यलाई २२ प्रतिशत तथा दलितलाई नौ प्रतिशत आरक्षण प्रस्ताव गरिएको छ ।

यसैगरी थारू र अपाङ्गता भएका व्यक्तिलाई पाँच-पाँच प्रतिशत, मुस्लिम र पिछडिएको क्षेत्रलाई चार-चार प्रतिशत तथा पिछडा वर्गलाई दुई प्रतिशत आरक्षण गर्न प्रस्ताव गरिएको छ ।

निजामति सेवालाई नयाँ संविधानअनुसार अझै समावेशी बनाउन आरक्षणको व्यवस्था पुनरावलोकन गर्न प्रस्ताव गरिएको संयोजक भट्टराईको तर्क छ । यसबाट समावेशी व्यवस्थामा नेपालको संविधान बमोजिम नयाँ कानुनी व्यवस्था गरी बढी बैज्ञानिक बन्ने विश्वास गरिएको छ ।

यसैगरी निजामति सेवा ऐनको संशोधन प्रस्तावमा पिछडिएको क्षेत्रमा पाँच जिल्ला थप्ने प्रस्ताव गरिएको छ । हाल अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्लालाई पिछडिएको क्षेत्र भनिन्छ । निजामति सेवा ऐनको पाँचौ संशोधन मस्यौदा प्रस्तावमा रूकुम, रोल्पा, दार्चुला, मनाङ र मुस्ताङलाई पनि पिछडिएको क्षेत्रमा समावेश गरी पिछडिएको क्षेत्र अन्तर्गत जिल्लाको संख्या १४ पुर्याइएको छ ।

समावेशी सिद्धान्तअनुसार पिछडिएको क्षेत्रलाई पनि आरक्षण कोटा निर्धारण गरिन्छ । निजामति सेवा ऐनको नयाँ संशोधन प्रस्तावमा पिछडिएको क्षेत्रलाई चार प्रतिशत आरक्षण कोटा तोकिएको छ । सोहि कोटाअनुसारले लोकसेवा आयोगले कर्मचारीहरूको पदपूर्ति गर्नेछ ।

## देउवाले...

मिलाएर लैजान सक्नु पर्ने बताए । कोषाध्यक्ष सीतादेवी यादवले मधेसी र मधेसीको माग सम्बोधन गर्न नतृत्वसँग आग्रह गरिन् । सहिद परिवारका लागि आरक्षणको व्यवस्था गर्न पनि उनले आग्रह गरिन् ।

कार्यक्रममा निवर्तमान कार्यबाहक सभापति पौडेलले नवनिर्वाचित देउवालाई सभापतिको पद हस्तान्तरण गरेका थिए । पौडेलसँगै निर्वतमान महामन्त्री प्रकाशमान सिंह पनि थिए ।

यसैगरी सभापति देउवाले रामचन्द्र पौडेल, कृष्णप्रसाद सिटौला, गगन थापा, अर्जुननरसिंह केसी, उमाकान्त चौधरी, नर हरि आचार्य र चित्रलेखा यदावलाई केन्द्रिय सदस्यमा मनोनित गरेका छन् ।

## कर्पोरेशनले...

स्कूलहरूमा त्यस्तो जानकारी गराएको थियो । १५३ वटा स्कूल, विभिन्न प्रकारका हाटबजार गरि ६१ वटा, अस्पताल जनस्वास्थ्यचौकी, उपचौकी, गाविसहरू गरि ९१ वटा, न्याली १२ वटा, तुल व्यानर १८४ वटा, विभिन्न जिल्लाका स्थानीय एफएम २४ वटा र जादु प्रर्दशन २१ वटामा गरि कर्पोरेशनले जनसहभागिता कार्यक्रम गरेको हो ।

निम्न जिल्लाका निम्न स्थानहरूमा त्यस्ता कार्यक्रमहरू गरि जनचेतना जगाएको छ । दिपायल, महेन्द्रनगर, टिकापुर, धनगढी, नेपालगञ्ज, सुर्खेत, दाङ, कृष्णनगर, भैरहवा, पोखरा, बाग्लुङ, नारायणगढ, बनेपा, हेटौडा, विरगञ्ज, जनकपुर, राजविराज, लाहान, विराटनगर, विर्तामोडमा त्यस्ता जनेचतनामूलक कार्यक्रमहरू गरि आयोडिनयुक्त नुनमात्र खान जनतालाई जानकारी गराएको छ । यसरी कर्पोरेशनले सामाजिक दायित्वलाई समेत प्रभावकारी रूपमा सञ्चालन गरेकोमा स्थानीय बासिन्दाले कर्पोरेशनलाई धन्यवाद दिएका थिए । कर्पोरेशनले आयोडिनयुक्त नुन सहज रूपमा उपलब्ध गराएर विभिन्न खालको रोग लाग्नबाट बचाएको भन्दै कर्पोरेशनलाई सरकारले अझ सहयोग गर्नुपर्नेमा स्थानीय जनताले सरकारको ध्यानाकर्षण गराएका थिए ।

नेपाल र नेपालीको समुन्नत भविष्य निर्माणको जिम्मा हामी नेपालीकै हो । त्यसैले हामीमा भएको अपार क्षमताको सदुपयोग गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग




सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार